# गण्डकी प्रदेश सभा

# अर्थ तथा विकास समिति

## वार्षिक प्रतिवेदन, २०८१




## गण्डकी प्रदेश सभा सचिवालय

## पोखरा, नेपाल

फोन नं :- ०६१-५७०८००

# मन्तव्य

**माननीय सभामुख महोदय,**

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ बमोजिम अर्थ तथा विकास समिति मिति २०८० साउन ३० गते गठन भएको विषय यस सम्मानित सभालाई अवगत नै छ। नियमावलीले व्यवस्था गरे अनुसार यस समितिको कार्यक्षेत्र आर्थिक मामिला, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विषयहरु रहेका छन् । समितिका कार्यक्षेत्र भित्र पर्ने यी विषयसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सभामा प्रतिवेदन पेस गर्ने, विधेयकको दफावार छलफल गर्ने क्रममा सोसँग सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने गर्दछ । त्यसैगरी राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा प्रदेश सरकारलाई समितिले निर्देशन दिने गर्दछ । समितिले मन्त्रिपरिषद्का सदस्यहरुले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका सरकारी आश्वासनको कार्यान्वयन तथा कानून कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन र प्रत्यायोजित व्यवस्था अन्तर्गत बनाइएका कानूनहरुको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने समेत गर्दछ। यसका अलावा समितिले कार्यक्षेत्र भित्रका प्रदेश सरकारले सम्पादन गरेका कामको अनुगमन र मूल्याङ्कन गर्ने, जन सरोकार, सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित र प्रसारित भएका तथा सरोकारवाला व्यक्ति वा संस्था, हित समूह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासाहरु लगायतका विषयमा छलफल गरि आवश्यक निर्देशन दिने गर्दछ।

आफ्नो कार्यक्षेत्र भित्रका कार्यहरु सम्पादन गर्ने क्रममा समितिले हालसम्म २१ वटा बैठक बसी विभिन्न निर्णय, निर्देशन तथा सुझाव दिइएको छ । समितिले गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा विज्ञ तथा सरोकारवालासँग छलफल गरी प्राप्त राय सुझाव समेतका आधारमा विधेयकलाई यथोचित संशोधन सहित सर्वसम्मत निर्णय गरी प्रतिवेदन सभामा प्रस्तुत गरिएको छ ।

**माननीय सभामुख महोदय,**

सरकारले गरेका काम कारबाहीको संसदीय निगरानी गरी सरकारको जवाफदेहिता प्रवर्द्धन गर्न तथा सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन समितिले नियमित बैठक बसी निरन्तर निर्देशन दिँदै आएको छ । यस अवधिमा समितिले चाड पर्वको समयमा बजारमा हुने दैनिक उपभोग्य सामानको अस्वभाविक मूल्य वृद्धि, कृत्रिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग लगायतका क्रियाकलाप नियन्त्रण गरी उपभोक्ता हित प्रवर्धन गर्ने तथा सो सम्बन्धको आम जनगुनासोको विषयमा, चाड पर्वको समयमा हुन सक्ने दुर्घटना न्यूनिकरण, जेष्ठ नागरिक, महिला,

अशक्तलाई आरक्षित सिटको व्यवस्था, तोकिएको भाडादरको पालना, सवारी सुरक्षा लगायत सडक र सवारी व्यवस्थापन तथा सो सम्बन्धको आम जनगुनासोको विषयमा, नगर क्षेत्रभित्र चल्ने सार्वजनिक सवारी साधन ट्याक्सीको विषयमा, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल देखि हाइवेसम्म आवतजावतमा नागरिकको सहजताको लागि निशुल्क सटल बस सेवा सञ्चालनको विषयमा, प्रदेश सरकार र स्थानीय तह बीचको समन्वय र सहकार्य प्रभावकारी नभएको विषयमा, प्रशासनिक गतिविधिलाई वस्तुनिष्ठ, पारदर्शी र जवाफदेही बनाउन तथा मन्त्रालयको कार्यसम्पादनमा भइरहेको ढिलासुस्ती सम्बन्धीको गुनासो सम्बोधन गर्ने विषयमा, गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७७ को व्यवस्था बमोजिम प्राइभेट फर्म नविकरणमा ऐन जारी भएको शुरुको २ वर्ष भित्र नविकरण हुन नसकेका प्राइभेट फर्मको समस्या समाधानका विषय तथा प्रशासनिक खर्चमा दोहोरोपना हटाउन जिल्ला स्थित कार्यालयलाई एकिकृत कार्यालयको रुपमा सञ्चालन गर्ने विषयमा प्रदेश सरकारका मन्त्रालय तथा निकायलाई पटक पटक राय सुझाव तथा निर्देशन दिइएको छ ।

**माननीय सभामुख महोदय,**

त्यसैगरी प्रदेश सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा एकरुपता तथा सामञ्जस्यता कायम गरी विनियोजन दक्षता अभिवृद्धि गर्न, विनियोजन विधेयकमा सभाको छलफलबाट प्राप्त पृष्ठपोषण कार्यान्वयन गरी प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउन विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रत्येक आर्थिक वर्षको चैत्र १५ गते भित्र प्रदेश सभामा पेस गर्न, प्रदेश सरकारको खर्च गर्ने क्षमतामा वृद्धि गर्न, राजस्वको दायरा बढाउन तथा प्रदेश सरकारको नीति तथा कार्यक्रमका प्राथमिकताका विषयका सन्दर्भमा समितिमा सरोकारवालाहरुको समेत सहभागितामा छलफल गरी आवश्यक निर्देशन दिइएको छ । साथै समितिको कार्यक्षेत्र भित्र परेका प्रदेश सरकारले कार्यान्वयन गरेका योजनाहरुको, गण्डकी प्रदेश भित्रका रुग्ण उद्योगहरुको, केही प्रदेश गौरवका आयोजनाहरुको स्थलगत अध्ययन अनुगमन गरी प्रदेश सरकारलाई राय सुझाव तथा निर्देशन दिइएको छ ।

**माननीय सभामुख महोदय,**

समितिले दिएका निर्देशनलाई सरकारले गाम्भिर्यताका साथ अपनत्व नलिनु, निर्देशन कार्यान्वयनमा चासो नदिनु तथा समितिको निर्देशन कार्यान्वयन नगर्दा के कस्तो दण्ड हुने भन्ने कानूनी व्यवस्था नहुनु, समितिको काम कारबाही प्रभावकारीता नहुनुको मुल समस्या रहेको देखेको छु । समितिले वैठकको कार्यतालिका बनाई लागु गर्न नसक्नु, प्रदेश सभा सचिवालयमा अध्ययन तथा अनुसन्धान ईकाईको व्यवस्था नहुँदा तथ्यका आधारमा विधेयक निर्माण, स्थलगत अनुगमन, अनुगमन पछिको विश्लेषण, नविन विषयको छलफल लगायतका काम प्रभावकारी हुन नसक्नु, समितिलाई आवश्यक पर्ने पर्याप्त जनशक्ति व्यवस्थापन नहुनु, समितिले सम्पादन गरेका कामकारवाहीलाई समयमै जनस्तरमा प्रेषित गर्न र समिति, सरकार, नागरिक समाज र मिडियाबीच उचित समन्वय गर्न नसकिनु, समितिले समय समयमा दिएका निर्देशन र समितिको

प्रतिवेदन कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गर्न नसकिनु, जस्ता समस्याहरु समिति सञ्चालनको क्रममा देखिएका छन् ।

**माननीय सभामुख महोदय,**

जनताको आवाजलाई प्रतिनिधित्व गर्ने तथा जनताका ईच्छा, आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्ने सन्दर्भमा समितिले सम्पादन गर्ने क्रियाकलापको सक्रियता, निर्णय प्रक्रियामा हुने सहभागिता, कार्यसम्पादनमा हुने पारदर्शीताका आधारमा समितिको प्रभावकारीता मापन गर्ने गरिन्छ । यिनै विषयलाई मानकको आधार बनाई यस अर्थ तथा विकास समितिले आफ्नो कार्य सम्पादन गर्दै आइरहेको छ । समितिको काम कारबाहीलाई अझै प्रभावकारी बनाउन थप प्रयासहरु गर्नुपर्नेछ । समितिको बैठकको कार्यतालिका बनाई लागु गर्ने, समिति सदस्य तथा कर्मचारीलाई क्षमता अभिवृद्धि हुने कार्यक्रमहरु नियमित सञ्चालन गर्ने, प्रदेश सभा सचिवालयमा अध्ययन तथा अनुसन्धान ईकाईको व्यवस्था गर्ने, समितिका निर्देशन कार्यान्वयनको निरन्तर अनुगमन गर्ने तथा समितिका काम कारबाहीलाई समयमै नागरिक समक्ष प्रेषित गर्ने वातावरण सिर्जना गरी आगामी दिनमा समितिलाई थप प्रभावकारी बनाउन आवश्यक छ । सिमित श्रोत र साधन तथा विविध समस्याका बीच पनि समितिले आफ्ना कार्यक्षेत्रभित्रका कामहरुको कुशल कार्यान्वयन गर्दै आएको छ । आगामी दिनमा पनि सरकारलाई जिम्मेवार, जवाफदेही र जनउत्तरदायी बनाउन निर्देशन र सुझावका माध्ययमवाट खबरदारी गर्दै जनतामा सुशासनको अनुभुति गराउने दिशामा अझ प्रभावकारी ढङ्गले समिति निर्देशित हुनेछ ।

**माननीय सभामुख महोदय,**

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका हरेक क्रियाकलापहरुमा सक्रियतापूर्वक सहभागी भई आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका विभिन्न बैठकहरुमा उपस्थित भई प्रदेश सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने प्रदेश सरकारका माननीय मन्त्रीज्यू, प्रदेश सरकारका प्रमुख सचिव, सचिव लगायत मन्त्रालय मातहतका निकायका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सभा सचिवालयका प्रदेश सभा सचिव एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सचिवालयका कर्मचारी, पत्रकार र विभिन्न संघ संस्थाका प्रतिनिधिहरु समेतलाई समितिको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु। समितिका हरेक क्रियाकलापमा साथ रही कार्य गर्दै यस प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिव लगायत समिति सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

**माननीय सभामुख महोदय,**

माननीय सभामुख महोदयको अनुमतिले अब म अर्थ तथा विकास समितिको वार्षिक प्रतिवेदन, २०८१ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

मितिः २०८१ असार ११ गते, मंगलबार ।

.........................

भोजराज अर्याल

सभापति

अर्थ तथा विकास समिति

गण्डकी प्रदेश सभा

# बिषय सूची

पृष्ठ नं.


बिषय सूची ii

**परिच्छेद एक : प्रारम्भिक** १

१.१. पृष्ठभूमि १

१.२. समितिको गठन तथा कार्यक्षेत्र २

१.३. समितिको काम कर्तव्य र अधिकार २

१.४. कार्यविधि र प्रक्रिया ४

१.५. सीमा ४

१.६. प्रतिवेदनको संरचना ४

**परिच्छेद दुई : सम्पादित कार्य** ५

२.१. समितिको बैठक, निर्णय तथा निर्देशन ५

२.२. उपसमितिको गठन र कार्य २४

२.३. विधायन सम्बन्धी कार्य २५

२.४. विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रम २५

२.५. स्थलगत अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य २५

**परिच्छेद तीन : निर्णय निर्देशन कार्यान्वयन सम्बन्धी** २९

३.१. निर्णय/निर्देशन कार्यान्वयनको अवस्था २९

३.२. कार्य सम्पादनमा देखा परेका समस्या ३४

**परिच्छेद चार : निष्कर्ष र सुझाव** ३६

४.१. निष्कर्ष ३६

४.२. सुझाव ३६

अनुसूची १ : समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली ३८

अनुसूची २ : समिति सचिवालयसँग सम्बद्ध कर्मचारीहरुको नामावली ३९

अनुसूची ३ : समिति सदस्यहरुको समिति वैठकमा उपस्थिति विवरण ४०

अनुसूची ४ : अर्थ तथा विकास समितिको कार्यविधि ४१

अनुसूची ५ : गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धी अर्थ तथा विकास समितिको प्रतिवेदन ४८

अनुसूची ६ : समितिका केही तस्विरहरु ५०

# परिच्छेद एक
# प्रारम्भिक

## १.१. पृष्ठभूमि

नेपालको संविधानले हरेक प्रदेशमा एक सदनात्मक प्रदेश सभा रहने व्यवस्था गरेको छ । प्रदेश सभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था हो। शासन प्रणालीमा नीति निर्धारण तथा कानून निर्माण गर्ने जस्तो महत्वपूर्ण कार्य व्यवस्थापन कार्य विधिका माध्यमबाट यसले सुनिश्चित गर्दछ। लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यशक्तिको स्रोत जनतालाई मानिन्छ र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनताबाट निर्वाचित जनप्रतिनिधिहरुद्वारा नै गरिन्छ। संसदीय शासन प्रणालीमा सरकार प्रत्यक्षरूपमा संसदप्रति उत्तरदायी हुने हुनाले उसको गतिविधि तथा कार्यशैलीका सम्बन्धमा संसदमा नियमित रूपमा छलफल हुने गर्दछ । संसदको कार्यबोझ, आवधिक रुपमा चल्ने अधिवेशन, सिमित समय, हरेक निकायमा गहन ढंगले अध्ययन गर्न नसकिने अवस्था आदिलाई मध्यनजर गर्दै संसदको भूमिकामा ओझेल नपर्ने गरी संसदका नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर अगाडि बढाउन संसदले आफ्ना सदस्यहरु रहने गरी विभिन्न समितिहरु गठन गर्दछन् ।

संसदका कार्यको सुसञ्चालन, छिटो छरितो रुपमा होस् र बेला बेलामा पर्ने समस्याको सहज रुपमा निराकरण गरी सदनको सञ्चालनमा सहयोग पुगोस् भनी महत्वपूर्ण तथा आवश्यक विषयको लागि समिति गठन गर्न सक्ने सदनको असिमित अधिकार संविधानले सुरक्षित गरेको हुन्छ । संविधानको सोही व्यवस्थालाई कार्यान्वयन गर्दै गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ मा विभिन्न चार विषयगत समितिहरु रहने व्यवस्था छ। अर्थ तथा विकास समिति गण्डकी प्रदेश सभामा रहेका विषयगत समिति मध्येको एक महत्वपूर्ण समिति हो । नियमावलीले व्यवस्था गरे अनुसार यस समितिको कार्यक्षेत्र आर्थिक मामिला, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धित विषयहरु रहेका छन् । समितिले यिनै विषयहरुसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सभामा सो सम्बन्धी प्रतिवेदन पेस गर्ने, विधेयकको दफावार छलफल गर्ने क्रममा सोसँग सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने, राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने, मन्त्रिपरिषद्का सदस्यहरुले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका सरकारी आश्वासनको कार्यान्वयन तथा कानून कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन र प्रत्यायोजित व्यवस्था अन्तर्गत बनाइएका कानूनहरुको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने गर्दछ ।

यसका अलावा समितिले कार्यक्षेत्र भित्रका मन्त्रालय वा अन्तरगतका निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गर्ने, जन सरोकारका समितिको कार्यक्षेत्र भित्र परेका, सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित र प्रसारित भएका तथा सरोकारवाला व्यक्ति वा संस्था, हित समूह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासाहरु लगायतका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने समेत गर्दछ । यी र यस्तै विषयसँग सम्बन्धित रहेर समितिले विगत एक वर्षमा सम्पादन गरेका गतिविधिहरु समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

### १.२. समितिको गठन तथा कार्यक्षेत्र

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ बमोजिम मिति २०८० साउन ३० गते गठन भएको अर्थ तथा विकास समिति गण्डकी प्रदेश सभामा रहेका विषयगत समितिहरु मध्ये एक समिति हो । यस समितिमा जम्मा १५ जना सम्म सदस्य रहने व्यवस्था छ ।गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ ले व्यवस्था गरे अनुसार समितिको कार्यक्षेत्र निम्नानुसार रहेको छ ।

- आर्थिक मामिला मन्त्रालय
- भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
- उपरोक्त सम्बन्ध विषय तथा निकाय

### १.३. समितिको काम कर्तव्य र अधिकार

गण्डकी प्रदेश सभा नियमावली, २०८० ले व्यवस्था गरे अनुसार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

(क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सभामा सो सम्बन्धी प्रतिवेदन पेस गर्ने,

(ख) विधेयकको दफावार छलफल गर्ने क्रममा सोसँग सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने,

(ग) मन्त्रालय, विभाग, निर्देशनालय र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(घ) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(ङ) मन्त्रिपरिषद्का सदस्यले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका आश्वासनहरुलाई पुरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

(च) कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

(छ) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विधेयकको प्रत्यायोजित व्यवस्था अन्तर्गत बनाइएका कानूनहरु नेपालको संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

(ज) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(झ) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ञ) जन सरोकारका समिति सम्बद्ध विषयहरुमा सभापतिले उपयुक्त सम्झेका समितिको कार्यक्षेत्र भित्र परेका, सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित र प्रसारित भएका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने,

(ट) समितिले सरोकारवाला व्यक्ति वा संस्था, हित समूह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासाहरु लगायत समितिको कार्यक्षेत्रमा पर्ने जन सरोकारका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने । यसरी छलफल गर्दा समितिले आवश्यक ठानेमा कुनै उजुरीकर्ता वा सूचकलाई बैठकमा आमन्त्रण गरी छलफल गर्न सक्ने,

(ठ) कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन दिने र वार्षिक प्रतिवेदन माथि छलफल गरी सुझाव दिने,

(ड) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र समिक्षा गरी सोको प्रतिवेदन सभामा पेश गर्ने,

(ढ) समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कानून कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गरी राय सहितको प्रतिवेदन सभामा पेश गर्ने । यसरी अध्ययन गर्दा समितिले आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट कानून कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन माग गर्ने, कानून कार्यान्वयनको अवस्था अध्ययन गर्दा सामान्यतया कानून निर्माण भएको तीन वर्ष अवधी पुगेका कानूनको छनौट गर्ने,

(ण) समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्य तथा समितिले खटाएका सचिवालयका कर्मचारीले स्थलगत अनुगमन तथा निरिक्षण गर्न सक्नेछन् । यसरी स्थलगत अनुगमन तथा निरिक्षणमा जानु पूर्व स्पष्ट खाका सहितको चेक लिस्ट तयार गर्नुपर्ने । अनुगमन निरिक्षणको सिलसिलामा आवश्यकता अनुसार विज्ञहरु आमन्त्रण गर्ने तथा परीक्षणको लागि आवश्यकता अनुसार नमुना संकलन गर्ने,

(त) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(थ) माथि उल्लिखित खण्डहरु बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय, निर्देशनालय, विभाग र कार्यालयका प्रतिनिधिहरु र आवश्यकता अनुसार तत् तत् विषयका विशेषज्ञ र सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने,

(द) सभाबाट तोकिएका अन्य कार्य गर्ने ।

## १.४. कार्यविधि र प्रक्रिया

समितिले विधेयकमा सन्दर्भमा छलफल गर्दा विधेयक उपर दफावार छलफल गर्ने, विधेयकमा संशोधन प्राप्त भएको भए संशोधनकर्ता माननीय सदस्यलाई समेत छलफलमा वोलाई संशोधनका सम्बन्धमा धारणा राख्न लगाउने, विधेयकको दफावार छलफल गर्ने क्रममा सोसँग सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने र राय सुझावहरुको आधारमा विधयेकको प्रतिवेदन तयार गरी सदनमा पेश गर्ने गर्दछ । त्यसैगरी समितिले समिति सम्बन्धित विषयमा निगरानी गर्ने सन्दर्भमा स्थलगत अनुगमन गर्ने, प्रदेश सरकारका विभागीय मन्त्री तथा सचिव लगायतका कर्मचारीलाई समितिमा वोलाई छलफल गर्ने र सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने गर्दछ ।

## १.५. सीमा

यस प्रतिवेदनमा उल्लेख भएका विषयहरु प्रदेश सभा नियमावली, २०८० तथा अर्थ तथा विकास समितिको कार्यविधि, २०८० ले निर्दिष्ट गरेको अधिकारको सिमामा रही निर्माण गरिएको छ । यसमा उल्लेख भएका तथ्य तथा तथ्याङ्कहरु समितिले गरेका छलफलका आधारमा गरेका निर्णय, प्रदेश सरकारका सचिवले समितिको वैठकमा राखेको धारणा, प्रदेश सरकारका मन्त्रालय तथा निकायवाट प्राप्त विवरण, तथा समितिले स्थलगत निरिक्षण गर्दा देखेको आधारमा तयार गरिएको छ।

## १.६. प्रतिवेदनको संरचना

यस प्रतिवेदनको पहिलो खण्डमा परिचय, समितिको कार्यक्षेत्र, काम कर्तव्य र अधिकार समेटिएको छ भने दोस्रो खण्डमा समितिले सम्पादन गरेका कार्यहरु समेटिएका छन् । निर्णय निर्देशन कार्यान्वयन सम्बन्धीका विवरणहरु प्रतिवेदनको तेस्रो खण्डमा राखिएको छ भने प्रतिवेदनको अन्तिम तथा चौथो खण्डमा निष्कर्ष, सुझाव र सिफारिस राखिएको छ ।

# परिच्छेद - दुई
# सम्पादित कार्य

## २.१. समितिको बैठक, निर्णय तथा निर्देशन

नेपालको संविधानको धारा १९३ तथा गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५२ र १५३ बमोजिम गण्डकी प्रदेश सभाबाट मिति मिति २०८०/०४/३० मा प्रदेश सभामा रहने विषयगत समितिहरु मध्ये अर्थ तथा विकास समितिको पनि गठन भएकोमा समितिको हालसम्म बीस (२०) वटा बैठक सम्पन्न भएका छन् । अवधिमा सम्पन्न भएका बैठकहरुमा मुलतः समितिमा दफावार छलफलको लागि प्राप्त भएको गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा विभिन्न चरणमा छलफल, चाड पर्वको समयमा हुने कालोबजारी, मिटर ट्याक्सी लगायत सार्वजनिक सवारी यातायतको विषयहरु, गण्डकी प्रदेशबाट चालु आ.व.को बजेट कार्यान्वयन र राजस्व संकलनको बिद्यमान अवस्था सम्बन्धमा मन्त्रालयका मन्त्री र जिम्मेवार व्यक्तिहरुसँग छलफल, हाल रुग्ण अवस्थामा रहेका गोरखकाली रबर उद्योग, भृकुटी कागज कारखाना, नवलपरासी बर्दघाट पूर्व (नवलपुर) जिल्लामा सञ्चालित निजी उद्योग प्रतिष्ठानहरु, नवलपुर जिल्लामा सञ्चालित केही आयोजनाहरु र जिल्लास्थित प्रदेश सरकारका कार्यालयहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरी सरकारलाई निर्देशन तथा सुझाव एवं आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट सम्बन्धमा विभिन्न क्षेत्रका सरोकारवालाहरुलाई समितिको बैठकमा आमन्त्रण गरी समावेश गर्नुपर्ने विषय क्षेत्रहरुका सम्बन्धमा निर्देशन गरी प्रतिवेदन दिने जस्ता विषयमा केन्द्रित रहेका थिए ।

उल्लिखित सन्दर्भमा समितिका सम्पन्न भएका बैठक, बैठकबाट भएका निर्णय र निर्देशनको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

**बैठक संख्याः- ०१**

**निर्णयहरुः-**

१. गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिको कार्यविधि, २०८० स्वीकृत गर्ने ।

२. अर्थ तथा विकास समितिको कार्यविधि,२०८० को अध्ययन सम्पन्न गरी उक्त कार्यविधिमा संशोधन गर्नुपर्ने विषयहरु सहितको प्रतिवेदन निर्णय मितिले १५ दिन भित्र समिति सभापति समक्ष पेश गर्न गण्डकी प्रदेश सभा नियमावली २०८० को नियम १६२ बमोजिम मा. सिता कुमारी सुन्दासको संयोजकत्वमा देहाय अनुसारका सदस्य रहने उपसमिति गठन गर्ने।

| | |
|---|---|
| १. मा. सीता कुमारी सुन्दास | -संयोजक |
| २. मा. डिल्लीराम सुवेदी | -सदस्य |
| ३. मा. हरि बहादुर भण्डारी | -सदस्य |
| ४. मा.विन्दु पौडेल | -सदस्य |

३. समितिको अर्को बैठक मिति २०८० साल भाद्र १० गते दिनको १२:१५ बजे बस्ने।

**बैठक संख्याः- ०२**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको बनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक माथि छलफल गरियो।

२. समितिको अर्को बैठक मिति २०८० साल भाद्र ११ गते दिनको १२:१५ बजे बस्ने।

**बैठक संख्याः- ०३**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक माथि परेका संसोधन सूचीमा छलफल गरियो ।

२. गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न वनेको विधेयकको दफा २ को परिभाषा खण्डको खण्ड (ब) र (र) मा रहेको "वन क्षेत्र" र "वन पैदावारको" परिभाषामा प्राप्त भएको दफा (२) को खण्ड (ब) को उपखण्ड (३) को व्यवस्था हटाउने र दफा (२) को खण्ड (र) को सिमाना लगाइएको वा नलगाइएको भन्ने शब्दहरुका पछाडी "वन रहेको क्षेत्रमात्र" भन्ने शब्द थपी "वनले घेरिएको वा वनभित्र रहेको घाँसेमैदान, खर्क, हिउँले ढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल, तलैया, सिमसार, नदी, खोलानाला, वगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत" भन्ने शब्द हटाउने भन्ने संशोधन प्रस्तावका सम्वन्धमा देहायअनुसारको निर्णय गरियो ।

क. सङ्घीय वन ऐन, २०७६ मा रहेको "वन क्षेत्र" र "वन पैदावारको" परिभाषामा हाल प्रस्तावित गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न वनेको विधेयकमा प्रस्तावित परिभाषाकै शब्द उल्लेख भएकाले प्रस्तावित विधेयकमा परिभाषा परिमार्जन गर्दा संघिय वन ऐन सँग बाझिने भएकाले संशोधन गर्न नसकिने।

ख. प्रस्तावित उपदफा २ को खण्ड (ब) को उपखण्ड (३) र खण्ड (र) मा प्रस्तावित संशोधनलाई सङ्घीय वन ऐन, २०७६ मा संशोधन गर्नुपर्ने सुझाव प्रदेश सरकार मार्फत नेपाल सरकार,वन तथा वातावरण मन्त्रालयमा पठाउने साथै प्रदेश विकास समस्या समाधान समितिमा उक्त विषयलाई छलफलमा राख्न प्रदेश सरकार,उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

३. गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्वन्धमा विज्ञहरुसँग छलफलका लागि समितिको अर्को बैठक मिति २०८० साल भाद्र १३ गते दिनको १:०० बजे बस्ने।

तपसिल अनुसारका विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्नेः-

क. प्रा.ठाकुर सिलवाल, वन विज्ञान अध्ययन संस्थान, पोखरा
ख. डा.विनोद भट्ट, लि-बर्ड, पोखरा
ग. डा.बलराम थापा लि-बर्ड, पोखरा

**बैठक संख्याः-०४**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकको सम्वन्धमा विज्ञहरु सँग छलफल गरी राय सुझाब संकलन गरियो।

२. गण्डकी प्रदेश भित्रको वनलाई नपयमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्वन्धमा वन क्षेत्रका सरोकारवालाहरुसँग मिति २०८० साल भाद्र १७ गते विहान ८.०० बजे मझेरी रिसोर्ट एण्ड स्पा लेकसाइड पोखरामा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सरोकारवालाहरुको राय सुझाव संकलन गर्ने।

३. सरोकारवालाहरुको छलफल तथा अन्तरक्रिया कार्यक्रममा प्रतिनिधिमुलक रुपमा तपसिल अनुसारका सरोकारवाला संस्थाका अध्यक्ष, प्रमुख तथा प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने :-

क. गाँउपालिका महासंघ, गण्डकी प्रदेश
ख. नेपाल नगरपालिका महासंघ, गण्डकी प्रदेश
ग. जिल्ला समन्वय समिति महासंघ,गण्डकी प्रदेश
घ. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
ङ डिभिजन वन कार्यालय, कास्की
च. समुदायिक वन उपभोक्ता महासंघ,गण्डकी प्रदेश
छ. नेपाल वन पैदावर उद्योग व्यवसाय महासंघ,गण्डकी प्रदेश
ज. साजेदारी वन समुह, नवलपुर
झ. निजी तथा पारिवारिक वन संघ
ञ. कबुलियती तथा धार्मिक वन समुहका प्रतिनिधिहरु

४. समितिको अर्को बैठक गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकको सम्वन्धमा मिति २०८० भाद्र १९ गते संसदीय दलका नेताहरुसँगको उपस्थितिमा बस्ने।

**बैठक संख्याः-०५**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरु सँग छलफल गरियो ।

२. विधेयकमा संशोधनको सूचना दिनुहुने माननीय सदस्यहरुसँग छलफलका लागि समितिको अर्को बैठक मिति २०८० साल भाद्र १९ गते दिनको २:०० बजे बस्ने।

**बैठक संख्याः-०६**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा विधेयकमा संशोधनको सूचना दिनुहुने माननीय सदस्यहरुसँग विधेयकमा दर्ता भएको संशोधनका दफाहरुमा छलफल गरियो।

२. गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा विषय विज्ञ, वन क्षेत्रका सरोकारवाला, गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरु र विधेयकमा संशोधनको सूचना दिनुहुने माननीय सदस्यहरुबाट प्राप्त राय सुझावहरुको सम्बन्धमा छलफल गर्न समितिको अर्को बैठक मिति २०८० साल भाद्र २१ गते दिनको १२:१५ बजे बस्ने।

**बैठक संख्याः-०७**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकमा पेश भएका संशोधनका सम्वन्धमा देहायअनुसार गर्ने निर्णय गरियो।

(क) विधेयकको संशोधन प्रस्तावको क्रम.संख्या १,२,३,४,८,१०,१३,१४ र १८ मा प्रस्तावित संशोधन प्रस्तावहरुको सम्वन्धमा विधेयकमै प्रस्तावित भएका व्यवस्था कायम गर्ने।

(ख) विधेयकको संशोधन प्रस्तावको क्रम संख्या ५, ७ र १९ मा प्रस्तावित संशोधन प्रस्तावहरुको सम्वन्धमा देहाय अनुसार गर्ने।

क. दफा १२ मा रहेका “मन्त्रालयको सिफारिस” भन्ने शब्दको पछाडि “सम्बन्धित स्थानीय तहको समन्वय” भन्ने शब्दहरु थप गर्ने ।

ख. विधेयकको दफा २७ को उपदफा (६) मा रहेका "कुनै निजी संघसंस्था तथा निकायलाई" भन्ने शब्दहरुको सट्टा "निजी क्षेत्र, संघसंस्था, निकाय तथा स्थानीय तहलाई" भन्ने शब्दहरु राखने ।

ग. विधेयकको दफा ४१ को उपदफा (३) मा रहेका प्रतिबन्धात्मक वाक्याँश हटाई देहायको उपदफा (४) थप गर्नेः-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो निर्णय गर्नु अघि उपभोक्ता समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।"

घ. विधेयकको दफा ४३ को उपदफा (१) मा रहेका "दफा ५५" भन्ने शब्दहरुको सट्टा "दफा ५७" भन्ने शब्दहरु राख्ने ।

ङ. विधेयकको दफा ५० को उपदफा (१) मा रहेका प्रतिबन्धात्मक वाक्याँश हटाई देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।"

(ग) दफा १३ को उपदफा (१) र (४), दफा ३५ को उपदफा (४), दफा ४५ को उपदफा (१), दफा ४६ को उपदफा (१), दफा ४८ को उपदफा (४) र राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, संरक्षित क्षेत्रका सम्बन्धमा प्रदेश सरकारको उपयोग अधिकारका सम्बन्धमा दफा मिलाई लेख्ने विषयहरु गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरु सहितको समितिको बैठकमा छलफल गर्ने ।

**बैठक संख्याः-०८**

<u>निर्णयहरुः</u>-

- समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकका सम्वन्धमा गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरु सँग विधेयकको दफा १३ को उपदफा (१) र (४), दफा ३५ को उपदफा (४), दफा ४५ को उपदफा (१), दफा ४६ को उपदफा (१), दफा ४८ को उपदफा (४) र संरक्षण क्षेत्रका सम्बन्धमा प्रदेश सरकारको अधिकार एवंम जिम्मेवारी सम्बन्धमा कुनै दफामा मिलाई समावेश गर्ने विषयहरुमा छलफल गरी सुझाव ग्रहण गरियो।
- समितिको अर्को बैठक मिति २०८० साल भाद्र २५ गते दिनको ३ः०० बजे बस्ने ।

**बैठक संख्याः-०९**

**निर्णयहरुः-**

१. समितिमा दफावार छलफलका लागि प्राप्त गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्वन्धमा समितिमा निर्णय भए अनुसार गरिएको निम्नानुसारको थपघट तथा संशोधन सहितको प्रतिवेदन स्वीकृत गर्ने।

**निम्नः-**

१. "गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, २०८०" (यसपछि "विधेयक" भनिएको) को दफा २ को,-

(१) खण्ड (स) मा रहेका "गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (त्र) पछि देहायको खण्ड (ज्ञ) थप गर्नेः-

"(ज्ञ) "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने प्रदेश भित्रका क्षेत्र सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारले प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गरेका प्रदेश भित्रका संरक्षण क्षेत्रलाई समेत जनाउँछ ।"

२. विधेयकको दफा १२ मा रहेका "मन्त्रालयको सिफारिसमा" भन्ने शब्दको सट्टा "मन्त्रालयको सिफारिस र सम्बन्धित स्थानीय तहको समन्वयमा" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा १३ को उपदफा (४) हटाई त्यसपछिको उपदफाको क्रम मिलाउने।

४. विधेयकको दफा २७ को उपदफा (६) मा रहेका "कुनै निजी संघसंस्था तथा निकायलाई" भन्ने शब्दहरुको सट्टा "निजी क्षेत्र, संघसंस्था, निकाय वा स्थानीय तहलाई" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा ३५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नेः-

"(५) उपदफा (४) बमोजिम उपभोक्ता समूहले आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त प्रदेश सञ्चित कोषमा जम्मा भएको तीस प्रतिशत रकम मध्ये बिस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित वन रहेको स्थानीय तह बीच बाँडफाट हुनेछ ।"

६. विधेयकको दफा ४१ को उपदफा (३) मा रहेका प्रतिबन्धात्मक वाक्याँश हटाई देहायको उपदफा (४) थप गर्नेः-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो निर्णय गर्नु अघि उपभोक्ता समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।"

७. विधेयकको दफा ४३ को उपदफा (१) मा रहेका “दफा ५५” भन्ने शब्दहरुको सट्टा “दफा ५७” भन्ने शब्दहरु राख्ने ।

८. विधेयकको दफा ४५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

“(१) साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ) को आधारमा साठी प्रतिशत साझेदारी वन उपभोक्ता समूह, तीस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित स्थानीय तहको हुनेगरी बाँडफाट गरिनेछ । तर गैरकाष्ठ वन पैदावारको हकमा शत प्रतिशत साझेदारी वन उपभोक्ता समूहको हुनेछ ।”

९. विधेयकको दफा ४६ को उपदफा (१) मा रहेका “नेपाल सरकारको सहमतिमा” भन्ने शब्दहरु झिक्ने ।

१०. विधेयकको दफा ४८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

“(४) कबुलियती वन प्रदान गरेको कम्तीमा पाँच वर्षपछि कबुलियती वन प्रदान गर्दाको बखत रहेका रूख सुकेमा वा ढलेमा वा मरेमा उक्त रूखबाट उत्पादन हुने काठ, दाउरा डिभिजन वन कार्यालयले तोकिए बमोजिम बिक्री वितरण गरी प्राप्त रकमको साठी प्रतिशत सम्बन्धित कबुलियती वन समूह र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । यसरी प्रदेश सञ्चित कोषमा जम्मा भएको चालिस प्रतिशत रकम मध्ये तीस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित वन भएका स्थानीय तहबीच बाँडफाट हुनेछ ।”

११. विधेयकको दफा ५० को उपदफा (१) मा रहेका प्रतिबन्धात्मक वाक्याँश हटाई देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-

“(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।”

१२. विधेयकको दफा ८४ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-

“(२) उपदफा (१) अनुसारको समितिले बैठकमा आवश्यकता अनुसार सरोकारवाला व्यक्ति तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।”

१३. विधेयकको दफा १०९ पछि देहायको दफा थप गरी त्यसपछिका दफाको क्रम मिलाउनेः-

“११०. **<u>संरक्षण क्षेत्र सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश भित्रका संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको हुनेछ।

(३) प्रदेश भित्रका संरक्षण क्षेत्रको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क संकलन, नियमन र हस्तान्तरण लगायतका संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।”

२. प्रस्तुत प्रतिवेदन आगामी सभाको बैठकमा पेश गर्ने।

**बैठक संख्याः- १०**

**निर्णयहरुः-**

१. गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ को उपनियम (४) बमोजिम यस अर्थ तथा विकास समितिको सभापति पदमा माननीय सदस्य श्री पार्वती तामाङ प्रस्तावक र माननीय सदस्य श्री प्रकाश बराल  प्रस्तावको समर्थक रहनुभएको माननीय सदस्य श्री भोजराज अर्यालको उम्मेदवारीका सम्वन्धमा समितिको सभापति पदमा उम्मेदवारी मनोनयन प्रस्ताव गर्न तोकिएको समय अवधि भित्र एउटा मात्र प्रस्तावको सूचना प्राप्त भएको हुँदा सभापति पदमा प्रस्तावित माननीय सदस्य श्री भोजराज अर्याललाई समितिको सभापति पदमा गण्डकी प्रदेश सभा नियमावली २०८० को नियम १५६ को उपनियम (५) बमोजिम निर्विरोध निर्वाचित गर्ने।

२. यस अर्थ तथा विकास समितिको सभापति पदको निर्वाचनको लागी सहयोग पुऱ्याउने माननीय सदस्यहरू एवम् प्रदेश सभा सचिवालयका कर्मचारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने।

**बैठक संख्याः- ११**

**निर्णयहरूः-**

१. चाड पर्वको समयमा बजारमा हुने दैनिक उपभोग्य सामानको अस्वभाविक मूल्य वृद्धि, कृत्रिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग लगायतका क्रियाकलाप नियन्त्रण गरी उपभोक्ता हित प्रवर्धन गर्ने तथा सो सम्बन्धको आम जनगुनासोको विषयमा सरोकारवालाहरू समेतको उपस्थितिमा छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियोः-

"दैनिक प्रयोग हुने अत्यावश्यक वस्तुहरू नुन, चिनी, चामल, दाल, तरकारी, तेल, दुध, पानी, औषधि लगायतका उपभोग्य वस्तुहरूमा दशैं, तिहार, छठ लगायतका पर्वहरूलाई लक्षित गरी हुने कालोबजारी, मूल्यबृद्धि, मिसावट, कृत्रिम अभाव, कार्टेलिङ्ग, सिन्डिकेट, गुणस्तर लगायतका अनियमित गतिविधि रोक्न बजार अनुगमनका लागि पर्याप्त मात्रामा जनशक्ति र श्रोत साधनको व्यवस्था गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउन गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।"

२. चाड पर्वको समयमा हुन सक्ने दुर्घटना न्यूनिकरण, जेष्ठ नागरिक, महिला, अशक्तलाई आरक्षित सिटको व्यवस्था, तोकिएको भाडादरको पालना, सवारी सुरक्षा लगायत सडक र सवारी व्यवस्थापन तथा सो सम्बन्धको आम जनगुनासोको विषयमा सरोकारवालाहरू समेतको उपस्थितिमा छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

"चाडपर्वको समयमा बढी दुर्घटना हुने परिस्थितिलाई न्यूनिकरण गर्न लामो दुरीका सवारी साधनमा २ जना सवारी चालक नराख्ने, क्षमता भन्दा बढी यात्रु बोक्ने, जेष्ठ नागरिक, महिला अपाङ्ग/अशक्तलाई सिट आरक्षित गर्ने व्यवस्था अनिवार्य रूपमा लागु नगर्ने, टिकटको कृत्रिम अभाव सिर्जना गर्ने, विचौलिया र सिन्डिकेट गर्ने, निश्चित भाडा लिई सो गन्तव्यसम्म यात्रुलाई नपुऱ्याउने लगायतका कानून विपरितका कार्य गर्ने यातायात व्यवसायी वा ब्यक्तिको अनुगमन गरी कारबाही गर्न र आकस्मिक रूपमा अवरूद्ध हुने सवारी आवागमन तत्काल खुलाई विना अवरोध सवारी सञ्चालनको व्यवस्था मिलाउन तथा जोखिमयुक्त सडक क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रमा मर्मत, सम्भार र सुरक्षा व्यवस्था लगायतका विषयमा बिशेष सावधानी अपनाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।"

३. निर्णय नं १ र २ को निर्देशन कार्यान्वयनको सन्दर्भमा गरिएका काम कारबाहीको विवरण सहितको प्रतिवेदन सम्बन्धित मन्त्रालयले मिति २०८० साल मंसिर मसान्त भित्र समिति समक्ष पेस गर्ने।

४. निर्णय नम्बर १ र २ को निर्देशनको कार्यान्वयन भए/नभएको सम्बन्धमा अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेस गर्न माननीय सदस्य श्री गणेशमान गुरुङको संयोजकत्वमा देहायबमोजिम अनुगमन उपसमिति गठन गर्नेः-

| | |
|---|---|
| माननीय सदस्य श्री गणेशमान गुरुङ | — संयोजक |
| माननीय सदस्य श्री प्रकाश बराल | — सदस्य |
| माननीय सदस्य श्री हरि बहादुर भण्डारी | — सदस्य |

५. निर्णय नम्बर ४ बमोजिमको अनुगमन उपसमितिको कार्य अवधि मिति २०८० साल पौष १५ गते सम्म निर्धारण गर्ने।

**बैठक संख्याः- १२**

<u>निर्णयहरूः-</u>

१. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत आ.व. २०८०/०८१ मा सञ्चालन हुने विकास आयोजना सम्बन्धमा सङ्घीय सरकारले प्रदेशमा हस्तान्तरण गरेका तथा लागत साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेशका गौरबका आयोजना एवं वार्षिक विकास कार्यक्रममा उल्लेख भएका योजनाहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विवरण र विभिन्न कारणले हालसम्म पनि कार्यान्वयन हुन नसकेका रुग्ण आयोजनाको विवरण अर्थ तथा विकास

समिति समक्ष पेस गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने।

२. पोखरा नगर क्षेत्र भित्र चल्ने सार्वजनिक सवारी साधनका सम्बन्धमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई देहायको निर्देशन दिनेः-

(क) नगर क्षेत्रभित्र चल्ने सार्वजनिक सवारी साधन ट्याक्सीले मिटर सिस्टममा चल्न नमान्ने र बढी भाडा असुल्ने तथा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल देखि नजिकको गन्तव्यसम्म जाँदा पनि मनोमानी शुल्क लिने गरेको जनगुनासो आइरहेको सन्दर्भमा सो कार्यको नियमित अनुगमन गरी मिटर सिस्टममा तोकिएको भाडादर मात्र लिने गरी ट्याक्सी सञ्चालन हुने व्यवस्था मिलाउने।

(ख) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलभित्र सवारी साधन पार्किङ गर्दा चर्को शुल्क तिर्नुपर्ने र सोको कारण यात्रुहरु बढी भाडाको मारमा परेको भन्ने गुनासो सम्बोधनका लागि सङ्घीय सरकारसँग आवश्यक पहल गरी विमानस्थल भित्रको पार्किङ शुल्कलाई वैज्ञानिक र व्यवहारिक बनाउने।

३. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल देखि हाइवेसम्म आवतजावतमा नागरिकको सहजताको लागि निशुल्क सटल बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने।

**बैठक संख्याः- १३**

**<u>निर्णयहरूः-</u>**

१. आर्थिक मामिला मन्त्रालयसँग सम्बन्धित राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था सम्बन्धमा मन्त्रालयका सचिवबाट प्रस्तुतीकरण भयो।

२. आर्थिक मामिला मन्त्रालयका सचिवबाट भएको मन्त्रालयसँग सम्बन्धित राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था सम्बन्धमा छलफलका लागि समितिको बैठक मिति २०८० पौष २३ गते दिनको २:३० बजे बस्ने।

**बैठक संख्याः- १४**

**<u>निर्णयहरूः-</u>**

१. आर्थिक मामिला मन्त्रालयसँग सम्बन्धित राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था सम्बन्धमा मन्त्रालयका सचिवबाट प्रस्तुत विषयवस्तुहरु माथि छलफल गरियो ।

२. आर्थिक मामिला मन्त्रालयबाट भएको प्रस्तुतीकरण, बैठकमा छलफलको क्रममा उठेका विषयवस्तु समेतको अध्ययन गरी राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा मन्त्रालयको काम कारबाहीको प्रभावकारीता वृद्धि गर्न आर्थिक मामिला मन्त्रालय र प्रदेश सरकारका निकायलाई दिन सकिने राय, सुझाव तथा

निर्देशनहरुको सिफारिस सहितको प्रतिवेदन समिति समक्ष पेश गर्न देहाय बमोजिमको उपसमिति गठन गर्नेः-

क. माननीय सदस्य श्री डिल्लीराम सुवेदी, सदस्य

ख. माननीय सदस्य श्री प्रकाश वराल, सदस्य

ग. माननीय सदस्य श्री प्रकाश बहादुर के.सी., सदस्य

घ. माननीय सदस्य श्री विन्दु पौडेल, सदस्य

ङ. माननीय सदस्य श्री सीता कुमारी सुन्दास, सदस्य

च. माननीय सदस्य श्री हरि बहादुर भण्डारी, सदस्य

३. निर्णय नं २ अनुसार गठन भएको उपसमितिलाई सिफारिस सहितको प्रतिवेदन तयार गरी समितिको मिति २०८० माघ ८ गते दिनको १:०० बजे बस्ने बैठकमा प्रस्तुत गर्नेगरी कार्य अवधि निर्धारण गर्ने।

४. निर्णय नं २ बमोजिमको उपसमितिको बैठक मिति २०८० पौष २९ गते दिनको १:०० बजेका लागि निर्धारण गर्ने ।

**बैठक संख्याः- १५**

**निर्णयहरूः-**

१. गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिको कार्यविधि, २०८० सम्बन्धमा छलफल गरी पारित गरियो ।

२. आर्थिक मामिला मन्त्रालयबाट भएको प्रस्तुतीकरण, बैठकमा छलफलको क्रममा उठेका विषयवस्तु समेतको अध्ययन गरी राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा मन्त्रालयको काम कारबाहीको प्रभावकारीता वृद्धि गर्न आर्थिक मामिला मन्त्रालय र प्रदेश सरकारका निकायलाई दिन सकिने राय, सुझाव तथा निर्देशनहरुको सिफारिस सहितको प्रतिवेदन समिति समक्ष पेश गर्न गठित उपसमितिबाट प्रस्तुत प्रतिवेदन सम्बन्धमा छलफल भयो।

३. उपसमितिबाट प्रस्तुत प्रतिवेदन र बैठकमा छलफलमा उठेका विषयवस्तुहरु समेतका आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई देहाय बमोजिम निर्देशन तथा सुझाव दिने निर्णय गरियो ।

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयलाई निर्देशनः-**

१. आर्थिक मामिला मन्त्रालयले गरेको बजेट कार्यान्वयन एवं खर्च प्रवृत्ति सम्बन्धी अध्ययन, २०७९ को प्रतिवेदन अनुसार जम्मा बजेट खर्च मध्ये चौमासिक खर्चको प्रवृत्ति हेर्दा औषतमा पहिलो चौमासिकमा करिब १० प्रतिशत, दोस्रो चौमासिकमा २५ प्रतिशत र तेस्रो चौमासिकमा ६५ प्रतिशत खर्च भएको देखिन्छ । उक्त प्रतिवेदन अनुसार बजेट खर्चको घनत्व आर्थिक वर्षको

अन्त्यमा बढि रहेको छ । यस प्रवृत्तिलाई हेर्दा सरकारले अन्तिम समयमा मात्र काममा तदारुकता देखाएको समितिको निष्कर्ष रहेको छ । उपरोक्त खर्च प्रवृत्तिमा सुधार गर्न सम्भाव्यता अध्ययन नभएका पूर्वाधारका आयोजनामा बजेट विनियोजन नगर्ने, स्थानीय तहले सिफारिस गर्ने आयोजनाहरु स्थानीय तहको कार्यपालिकाले नियमानुसार सिफारिस गरेमा मात्रै बजेट विनियोजन गर्ने, आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका कार्यक्रममा मात्रै प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने, सम्पूर्ण खरिद सम्झौता पूर्वका प्रक्रिया प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र नै पुरा गरी सूचना प्रकाशन गरिसक्ने गरी वार्षिक खरिद योजना बनाई सो को कडाईका साथ लागु गर्ने, विशेष अवस्थामा बाहेक दुई वर्ष अवधि नपुगी कार्यालय प्रमुखको सरुवा नगर्ने, कार्यालय प्रमुखलाई समयमै खर्च अख्तियारी प्रदान गर्ने लगायतका व्यवस्था मिलाई खर्च गर्ने प्रवृत्तिलाई पहिलो चौमासिकमा पच्चिस प्रतिशत, दोस्रो चौमासिकमा पैंतिस प्रतिशत र तेस्रो चौमासिकमा चालिस प्रतिशतको हाराहारीमा खर्च हुने अवस्थामा पुऱ्याउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

२. प्रदेश सरकार र स्थानीय तह बीचको समन्वय र सहकार्य प्रभावकारी नभएको व्यापक गुनासो रहेको छ । समन्वय र सहकार्य प्रभावकारी नहुँदा योजनामा दोहोरोपना, प्रदेशका योजना सम्बन्धित स्थानीय तहलाई जानकारी नहुने, राजस्व संकलनमा समस्या लगायत विविध विषय तथा कार्यक्षेत्रमा समेत द्विविधा उत्पन्न भएको देखिन्छ । प्रदेश र स्थानीय तहबीचको सुमधुर सम्बन्ध विना आपसमा विश्वासको वातावरण बन्दैन, समन्वय र सहकार्य प्रभावकारी हुँदैन। समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन सङ्घीय सरकारले सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी गरेको र उक्त ऐनको दफा २४ मा प्रदेश समन्वय परिषद्को गठन सम्बन्धी व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार विभिन्न समयमा परिषद्को बैठक बसी आवश्यक निर्णय गरेको पनि पाइयो तर ती निर्णय कार्यान्वयनमा तदारुकता र प्रभावकारिता देखिएन । उक्त परिषद्को नियमित बैठकबाट गरिने दिशानिर्देश र तिनको प्रभावकारी कार्यान्वयनले नै समन्वय र सहकार्यलाई स्थापित गरी एक अर्को तह प्रतिको विश्वास अभिवृद्धि हुने र सङ्घीयता संस्थागत हुने समितिको निष्कर्ष रहेको छ । समन्वयलाई प्रभावकारी बनाई पारस्परिक सहयोगको आधार निर्माणका लागि देहाय अनुसार गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिनेः,

"सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (२) अनुसार प्रदेश समन्वय परिषद्को सचिवालय स्थापना गर्ने । उक्त सचिवालयलाई विभिन्न तहहरुको गुनासो, विवाद तथा उजुरी दर्ता गर्ने, समन्वय परिषद्को बैठकमा छलफल गर्नुपर्ने विषयवस्तुको अध्ययन अनुसन्धान, विषयवस्तुको औचित्यता र वस्तुनिष्ठता आदि विषयको परामर्श दिने, परिषद्ले मार्गदर्शन गरेका विषयहरुको कार्यान्वयन गर्ने गराउने र सो को अनुगमन मूल्याङ्कन गरी परिषद्लाई पृष्ठपोषण दिने, तथ्य तथ्याङ्क तथा अभिलेख राख्ने,

राय सुझाव र गुनासो सङ्कलन गर्ने, विज्ञहरुको रोष्टर तयार गरी आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गरी छलफल गर्ने, परिषद्को बैठक व्यवस्थापन गर्ने लगायतका जिम्मेवारी दिई यी जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक पर्ने अधिकार विनियोजन, जनशक्ति व्यवस्थापन, स्रोत साधनको व्यवस्थापन तथा संगठन संरचना निर्माण गरी अर्थपूर्ण समन्वय र सहकार्यको आधार तयार गर्ने।"

३. आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको प्रशासनिक गतिविधिलाई वस्तुनिष्ठ, पारदर्शी र जवाफदेही बनाउन तथा मन्त्रालयको कार्यसम्पादनमा भइरहेको ढिलासुस्ती सम्बन्धीको गुनासो सम्बोधन गर्न मन्त्रालयले महाशाखा, शाखाको स्पष्ट कार्यविभाजन, कार्यसम्पादनका लागि लाग्ने समय (Time Card) लागु गर्न सक्ने गरी), कार्यसम्पादनको प्रक्रिया, कार्य सम्पादनका लागि आवश्यक पर्ने प्रमाण कागजात समेत उल्लेख गरिएको मन्त्रालयको कार्यसम्पादन प्रक्रियाको कार्यविधि दुवै मन्त्रालयले तत्काल बनाई लागु गर्ने ।उक्त कार्यविधि सेवाग्राही/नागरिकको पहुँचमा रहनेगरी प्रकाशन गर्ने र सो को जानकारी समितिलाई गराउने । साथै, कार्यविधि अनुसारको कार्यसम्पादन तथा सेवा प्रवाहलाई सहजता प्रदान गर्न र तोकिएको समयमै कार्य सम्पन्न हुने सुनिश्चितता प्रदान गर्न मन्त्री, सचिव, महाशाखा तथा शाखा लगायत सबै कर्मचारीलाई समय सारिणी (Time Card) लागु गर्ने र सो को आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन आर्थिक मामिला मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

४. चालु भइरहेका काम वा क्रमागत आयोजनामा नियमित र पर्याप्त बजेट व्यवस्थापन नहुँदा आयोजना अधुरो भई आयोजनाबाट अपेक्षित उपलब्धी तोकिएको समयमा प्राप्त हुन नसकेको तथा आयोजना नै अलपत्र हुने अवस्था रहेकोले आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा सबै क्रमागत आयोजनामा रकम विनियोजन गरेर मात्रै नयाँ आयोजनामा बजेट विनियोजन गर्ने व्यवस्था गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने ।

५. यस आर्थिक वर्षको हालसम्मको पुँजीगत खर्च अत्यन्त न्यून देखिएकोले पुँजीगत खर्चको वृद्धि लगायत समष्टिगत आर्थिक संसाधनको प्रभावकारी परिचालन गरी आर्थिक प्रणालीलाई गतिशिल र विकास प्रक्रियालाई द्रुततर बनाउन आवश्यक सुधार गर्नुपर्ने विषयहरु समेटी १५ दिन भित्र वस्तुनिष्ठ र कार्यान्वयनयोग्य कार्ययोजना आर्थिक मामिला मन्त्रालयले तयार गरी लागु गर्ने र सो को जानकारी समितिलाई गराउने । कार्ययोजना तयार गर्दा आर्थिक मामिला मन्त्रालयले नेतृत्वदायी भूमिकामा रही सबै मन्त्रालय तथा निकायसँग समन्वय गरी नीतिगत, संरचनागत, प्राविधिक, प्रशासनिक तथा व्यवहारगत लगायतका सुधारका विषयहरु समावेश गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने।

६. प्रदेश सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा एकरुपता तथा सामञ्जस्यता कायम गरी विनियोजन दक्षता अभिवृद्धि गर्न, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रत्येक आर्थिक वर्षको चैत्र १५ गते भित्र प्रदेश सभामा पेस गर्ने तथा मध्यमकालिन खर्च संरचना (MTEF), आर्थिक सर्वेक्षण, नीति तथा कार्यक्रम, बजेट, विनियोजन विधेयक र आर्थिक विधेयक पेश गर्ने समय सभाको छलफलबाट प्राप्त पृष्ठपोषण कार्यान्वयन गरी, कार्यक्रम र स्रोत विनियोजन गर्न सकिने समय रहनेगरी बजेट क्यालेण्डर पुनरावलोकन गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने । बजेट क्यालेण्डर परिमार्जन गर्न प्रचलित प्रदेश कानून संशोधन गर्नुपर्ने भएमा सो समेतको नियमानुसार आवश्यक व्यवस्थापन गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने ।

७. राजस्वको दायरा बढाउन देहाय अनुसार गर्न तपसिलका मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिनेः,

<u>आर्थिक मामिला मन्त्रालयः</u>

क. कर, शुल्क तथा जरिवाना सहज र सरल तरिकाबाट तिर्ने वातावरण निर्माण गर्न एकिकृत कर प्रणाली निर्माण गरी लागु गर्ने।

ख. सबै किसिमका राजस्व भुक्तानीलाई डिजिटलाइज्ड गर्ने।

ग. प्रदेश समन्वय परिषद् मार्फत समन्वय गरी दहत्तर बहत्तर वापत प्रदेशले पाउनुपर्ने करको हिस्सा असुलीको वातावरण निर्माण गर्ने।

घ. सङ्घ सरकार सँग समन्वय गरी ट्राफिकबाट उठाइने सवारी जरिवाना प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने।

ङ. नेपालले कार्बन उत्सर्जन न्यूनिकरणबाट प्राप्त गर्ने लाभको गण्डकी प्रदेशले पाउनुपर्ने हिस्सा प्राप्त गर्न सङ्घ सरकारसँग अनुरोध गर्ने ।

<u>भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयः</u>

च. गण्डकी प्रदेश भित्र सञ्चालन भएका तीन पाङ्ग्रे सार्वजनिक सवारी अटोरिक्सा मध्ये अधिकाँश अन्य प्रदेशमा दर्ता भई गण्डकी प्रदेश भित्रका स्थानीय तहबाट बाटो इजाजत प्राप्त गरी वा विना बाटो इजाजत समेत सञ्चालनमा रहेको जनगुनासो सम्बोधन गर्न गण्डकी प्रदेश भित्र मात्रै बाटो इजाजत प्राप्त गरी चल्ने तीन पाङ्ग्रे अटो रिक्सा गण्डकी प्रदेशका यातायात कार्यालयमा नै दर्ता गर्ने व्यवस्था मिलाउने । गण्डकी प्रदेशका कार्यालयमा तीन पाङ्ग्रे अटो रिक्सा दर्ता गर्न प्रचलित प्रदेश कानून संशोधन गर्नुपर्ने भएमा सो को समेत नियमानुसार व्यवस्थापन गर्ने ।

छ. प्रदेश भित्र सञ्चालित सवारी मर्मत वर्कसप दर्ता तथा नविकरण प्रक्रिया र मापदण्डलाई सरलीकरण गरी गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ अनुसार वर्कसप अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्थालाई यथाशिघ्र कार्यान्वयन गर्ने।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः**

ज. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७७ को व्यवस्था बमोजिम प्राइभेट फर्म नविकरणमा ऐन जारी भएको शुरुको २ वर्ष भित्र नविकरण हुन नसकेका प्राइभेट फर्मलाई सो समय सीमा पछि जरिवाना सहित नविकरणको व्यवस्था नहुँदा ठूलो संख्यामा प्राइभेट फर्म नविकरण हुन नसकेकोले सोबाट प्राप्त हुनसक्ने राजस्व समेत गुमेको अवस्था छ । यस्ता फर्मलाई नियमानुसार लाग्ने शुल्क तथा जरिवाना समेत लिई नविकरण गरी नियमित गर्न उपयुक्त हुने भएकाले सो को आवश्यक व्यवस्थापन गर्ने।

८. समितिबाट मिति २०८०।०८।१३ गतेको बैठकबाट भएको निर्णय बमोजिम भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत आ.व. २०८०/०८१ मा सञ्चालन हुने विकास आयोजना सम्बन्धमा सङ्घीय सरकारले प्रदेशमा हस्तान्तरण गरेका तथा लागत साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेशका गौरवका आयोजना एवं वार्षिक विकास कार्यक्रममा उल्लेख भएका योजनाहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विवरण र विभिन्न कारणले हालसम्म पनि कार्यान्वयन हुन नसकेका रुग्ण आयोजनाको विवरण अर्थ तथा विकास समिति समक्ष पेस गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिइएकोमा मन्त्रालयबाट वार्षिक विकास कार्यक्रममा उल्लेख भएका योजनाहरुको कार्यान्वयनको अवस्था सम्बन्धी संख्यात्मक विवरण, रुग्ण आयोजनाको विवरण र प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण प्राप्त भएकोमा समितिबाट कार्यान्वयनमा रहेका आयोजनाहरुको स्थलगत अनुगमनका लागि चालु आ.व. मा सम्झौता भई कार्यान्वयनमा रहेका आयोजनाहरुको नाम, नामेसी सहितको विवरण आवश्यक भएकोले उक्त विवरण यथाशिघ्र उपलब्ध गराउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने।

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझावः**

९. मन्त्रालय पिच्छे नै जिल्लामा कार्यालय स्थापना गर्दा प्रशासनिक खर्चमा दोहोरोपना भएको, सेवाग्राहीलाई असहज भएको तथा जटिल निर्णय गर्दा केन्द्रीय निकायमा नै भर पर्नुपर्ने भएकोले सहसचिवस्तरको कर्मचारी दरबन्दीले नेतृत्व गर्ने गरी जिल्ला स्थित कार्यालयलाई एकिकृत कार्यालयको रुपमा स्थापना गरी विषयगत महाशाखा बनाउन उपयुक्त हुने।

१०. प्रदेश कानून अनुसार स्थापित संस्थाहरु जस्तै विश्वविद्यालय, प्रतिष्ठान, आयोग तथा निकायहरुको कार्य प्रगति र उपलब्धी मापन गरी औचित्यको आधारमा मात्रै निरन्तरता दिन उपयुक्त हुने।

**बैठक संख्याः- १६**

**निर्णयहरूः-**

१. गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिको गतिविधि सम्बन्धमा जानकारी गराउने उद्देश्यले आयोजना गरिएको पत्रकार भेटघाट कार्यक्रममा सहभागी पत्रकार तथा सञ्चारकर्मीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्ने ।

२. समितिबाट प्रथम चरणमा अनुगमन तथा निरिक्षणको कार्य मिति २०८० माघ २३ गतेबाट २९ गतेसम्म देहाय अनुसार स्थलगत अनुगमन तथा निरीक्षण कार्ययोजना स्वीकृत गर्नेः-

क. हाल बन्द रहेका गोरखकाली टायर उद्योग र भृकुटी कागज कारखाना ।

ख. चालु आ.व. को बजेट कार्यान्वयनका सम्बन्धमा पूर्वाधार विकास कार्यालयबाट नवलपुर जिल्लामा सञ्चालनमा रहेका केही आयोजनाहरु ।

ग. प्रदेश गौरवका आयोजनाको रुपमा रहेको सोही जिल्लाको दुम्कीबास त्रिवेणी सडक, लौकाहा खोलामा प्रस्तावित औद्योगिक क्षेत्र र धौवादी फलाम खानी अन्तरगत नवलपुर जिल्लामा भैरहेको कार्य ।

घ. नवलपुर क्षेत्रमा सञ्चालित केही ठूला, मझौला र साना उद्योगहरुको अनुगमन तथा अवलोकन।

ङ. पूर्वाधार विकास कार्यालय, यातायात व्यवस्था कार्यालय लगायतका जिल्लास्थित कार्यालयहरु।

३. पहिलो चरणमा अनुगमन तथा निरिक्षणको क्रममा समितिका सबै सदस्यहरु सहभागी हुने ।

४. स्थलगत अनुगमन तथा निरीक्षण कार्यक्रमका लागि समिति सचिवालयबाट तयार गरिएको अनुगमन चेकलिष्ट सहितको कार्यक्रमको प्रस्ताव र स्थलगत अनुगमन समय तालिका सम्बन्धमा छलफल गरी संशोधन सहित स्वीकृत गर्ने ।

५. अनुगमन तथा निरीक्षण कार्यको लागि आवश्यक व्यवस्थापन गर्न समितिका माननीय सदस्य श्री प्रकाश बराल र समिति सचिवालयलाई निर्देशन दिने।

**बैठक संख्याः- १७**

**निर्णयहरूः-**

१. समितिबाट मिति २०८०/१०/२३ गते देखि २९ गते सम्म सञ्चालन भएको स्थलगत अनुगमन तथा निरिक्षण कार्यक्रमको समिक्षा गरी प्रतिवेदनमा समावेश गरिने विषयहरू सम्वन्धमा छलफल गरी प्रतिवेदन स्वीकृत गरियो।

२. आगामी आ.व.को बजेट निर्माणको लागि प्रि-बजेट छलफल सम्वन्धमा सचिवालयबाट तयार गरिएको संक्षिप्त प्रस्ताव सम्बन्धमा छलफल गरियो । समितिबाट गण्डकी प्रदेशका ११ वटै जिल्लाहरूबाट प्रतिनिधित्व हुने गरी प्रि-बजेट छलफल सम्वन्धी कार्यक्रम निम्नानुसार सञ्चालन गर्ने । कार्यक्रम सञ्चालनको लागि सहयोगी संस्थासँग समन्वय गरी कार्यक्रमको

मिति, समय, स्थान र सरोकारवाला सहभागीहरूको छनौटको जिम्मा समितिका माननीय सभापतिज्यूलाई दिने।

क. पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङ जिल्लाको लागि बाग्लुङ

ख. तनहुँ, लमजुङ, गोरखा, मनाङ र नवलपुर जिल्लाको लागि तनहुँ।

ग. स्याङजा जिल्लाको लागि स्याङजा।

घ. कास्की जिल्लाको लागि पोखरा।

**बैठक संख्याः- १८**

**निर्णयहरुः-**

१. समितिबाट चालु आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम बागमती र लुम्बिनी प्रदेश सभामा सञ्चालन गर्ने । अनुभव आदान प्रदान कार्यक्रमको मिति तय गर्ने जिम्मेवारी समितिका माननीय सभापतिज्यूलाई दिने ।

२. समितिबाट स्थलगत अनुगमन तथा निरीक्षणको कार्यका लागि मिति, समूह विभाजन र अनुगमन क्षेत्रको चयनको जिम्मेवारी समितिका माननीय सभापतिज्यूलाई दिने ।

३. समितिबाट विभिन्न मितिमा प्रदेश सरकारलाई दिइएका निर्देशन तथा सुझाव कार्यान्वयनको अवस्था सम्बन्धमा विभिन्न मन्त्रालयहरुबाट प्राप्त प्रगति विवरण सम्बन्धमा छलफल गरियो । समितिबाट सरकारलाई दिइएका निर्देशन कार्यान्वयनको अवस्था सन्तोषजनक भएको नदेखिएकोले प्रदेश सरकारका सम्बन्धित मन्त्रीलाई बोलाई समितिमा छलफल गर्ने ।

४. मिति २०८१ जेठ मसान्त भित्र समितिको वार्षिक प्रतिवेदनको मस्यौदा तयारीका लागि "गण्डकी प्रदेश सभा अर्थ तथा विकास समितिको कार्यविधि, २०८०" को दफा १० बमोजिम देहाय अनुसारका माननीय सदस्यहरु रहनुभएको वार्षिक प्रतिवेदन निर्माण उपसमिति गठन गर्ने :-

| | |
|---|---|
| क. माननीय श्री डिल्लीराम सुबेदी | -संयोजक |
| ख. माननीय श्री प्रकाश बराल | -सदस्य |
| ग. माननीय श्री विन्दु पौडेल | -सदस्य |
| घ. माननीय श्री सीता कुमारी सुन्दास | -सदस्य |
| ङ. माननीय श्री हरि बहादुर भण्डारी | -सदस्य |

५. गण्डकी प्रदेश सरकारको आगामी आ.व. २०८१/८२ नीति, कार्यक्रम र बजेट सम्बन्धमा सरकारलाई राय सुझाव उपलब्ध गराउन मिति २०८१ जेठ २४ गते बिहान ८:०० बजे समितिको बैठक कक्ष प्रदेश सभा भवन नदिपुर पोखरामा विभिन्न क्षेत्रका सरोकारवालाहरुसँग समितिको बैठकमा छलफल तथा अन्तरक्रिया गर्ने । सो कार्यक्रमका लागि समिति सचिवालयबाट प्रस्तुत सहभागीहरुको नामावली स्वीकृत गर्ने ।

बैठक संख्याः- १९

<u>निर्णयहरुः-</u>

१. गण्डकी प्रदेश सरकारको आगामी आ.व. २०८१/८२ को नीति, कार्यक्रम र बजेट सम्बन्धमा सरकारलाई राय सुझाव उपलब्ध गराउन विभिन्न क्षेत्रका सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरियो ।समितिको बैठकमा उपस्थित भई राय सुझाव उपलब्ध गराउनुहुने सम्पूर्ण सरोकारवालाहरु प्रति समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

२. गण्डकी प्रदेश सरकारको आगामी आ.व. २०८१/८२ को नीति, कार्यक्रम र बजेट सम्बन्धमा सरकारलाई राय सुझाव उपलब्ध गराउन विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त सुझाव सम्बन्धमा छलफलको लागि समितिको बैठक मिति २०८१ साल जेठ २५ गते दिनको १ बजे बस्ने ।

बैठक संख्याः- २०

<u>निर्णयहरूः-</u>

१. गण्डकी प्रदेश सरकारको आगामी आ.व. २०८१/८२ नीति, कार्यक्रम र बजेट सम्बन्धमा सरकारलाई राय सुझाव उपलब्ध गराउन मिति २०८१ जेठ २४ गते बसेको गण्डकी प्रदेश सभा अर्थ तथा विकास समितिको बैठकमा विभिन्न क्षेत्रका सरोकारवालाहरुसँग भएको छलफल तथा अन्तरक्रियामा प्राप्त सुझाव समेतको आधारमा समितिमा छलफल तथा विश्लेषण गरी गण्डकी प्रदेश सरकारलाई देहायका निर्देशन दिने निर्णय गरियो ।

क. नीति तथा कार्यक्रममा क्रमशः कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण, पर्यटन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका सामाजिक क्षेत्र, हरित विकास तथा विपद् व्यवस्थापन जस्ता क्षेत्रलाई प्राथमिकता दिई ती क्षेत्रका कार्यक्रमहरुमा यथेष्ट बजेट विनियोजन गर्न निर्देशन दिने।

ख. मुस्ताङको स्याउ, स्याङ्जाको सुन्तला, म्याग्दीको आलु र टिमुर, बागलुङको भाँगो, पर्वतको मकै, हुप्सेकोटको काँक्रो जस्ता स्थानीय उत्पादनलाई ब्राण्डिङ्ग गरी बजार विस्तार गर्ने विषयलाई प्राथमिकता दिई नीति कार्यक्रम तय गर्न निर्देशन दिने ।

ग. उद्यमशिलतालाई प्रोत्साहन गर्न प्रक्रियागत अवरोधहरु हटाउने तथा तालिम तथा क्षमता अभिवृद्धि मार्फत दक्ष जनशक्ति तयार गर्ने र सहुलियत व्याजदरमा स्टार्टअप फन्ड, बीउ पुँजी लगायतका नीति अनुसरण गर्न तथा प्रत्यक्ष अनुदान दिने व्यवस्थालाई निरुत्साहित गर्नेगरी नीति तथा कार्यक्रम तय गर्न र सोही अनुसार बजेट विनियोजन गर्न निर्देशन दिने।

घ. प्रदेश अर्थतन्त्रको संरचनामा उत्पादनमूलक उद्योगको योगदान बढाउन स्वदेशी उद्योगहरुलाई संरक्षण, दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन, उद्योग दर्ता, नविकरण लगायतमा एकद्वार प्रणाली तथा विश्वसनिय औद्योगिक लगानीको वातावरण निर्माण गर्ने नीति अख्तियार गर्ने ।

ङ. किसानलाई लक्षित गरी हरेक स्थानीय तहका पायक पर्ने ठाउँहरुमा बजार केन्द्रको स्थापना मार्फत प्रदेश सरकारले बजारको सुनिश्चितता गरी कृषि उत्पादन र बजारका बीच मध्यस्थकर्तालाई निरुत्साहित गरी कृषकहरुलाई प्रोत्साहन गर्ने ।

च. रोजगारी सिर्जनाका लागि उद्यमशिलता विकास तथा स्थानीय सीप र प्रविधिको प्रयोग गर्ने उद्योगको स्थापना, साना तथा मझौला उद्योगहरुको प्रर्वद्धन तथा रोजगारी र आयको आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने विषय नीति तथा कार्यक्रममा समावेश गर्न निर्देशन दिने।

छ. मुल्य अभिवृद्धि कर (VAT) र अन्तशुल्कबाट प्राप्त हुने राजस्वको हिस्सा सङ्घ, प्रदेश र स्थानीय तहको क्रमश ५०, २५ र २५ प्रतिशत हुनेगरी बाँडफाँटको व्यवस्था मिलाउन सङ्घ सरकारसँग समन्वय गर्न निर्देशन दिने ।

ज. कर बक्यौता मिनाहालाई निरुत्साहित गर्ने तथा करका नयाँ क्षेत्रको पहिचान गरी करको दायरा बढाउन निर्देशन दिने ।

झ. राजस्व चुहावट नियन्त्रण, आधुनिक सूचना प्रविधिको प्रयोग तथा कर प्रशासनमा संलग्न कर्मचारीहरुको सुक्ष्म निगरानी गरी राजस्व प्रशासनमा सुधार गर्न निर्देशन दिने ।

ञ. सूचनाको पहुँच विस्तार गर्न डिजिटल साक्षरता कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गर्न निर्देशन दिने ।

ट. उच्च शिक्षालाई रोजगारीसँग जोड्ने तथा पढ्दै कमाउँदै गर्ने वातावरण निर्माण गरी उच्च शिक्षाका लागि विदेशिने अवस्था न्यूनिकरण गर्न आवश्यक नीति अख्तियार गरी बजेट विनियोजनमा प्राथमिकता दिन निर्देशन दिने ।

ठ. पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधनलाई विस्थापित गरी बिद्युतिय वा अन्य वैकल्पिक इन्धनबाट सञ्चालन हुने सवारी साधनलाई प्रोत्साहन हुने नीतिलाई प्राथमिकता दिने । आगामी आर्थिक वर्षबाट शुरुआत गरी प्रदेश भित्रका नगरक्षेत्र भित्र रुट इजाजत प्राप्त गर्ने जम्मा सार्वजनिक सवारी साधन मध्ये बिद्युतबाट चल्ने सार्वजनिक सवारी साधनको निश्चित हिस्सा तोकी रुट इजाजत दिने व्यवस्था मिलाउन निर्देशन दिने ।

ड. आगामी आ.व. को बजेटमा चालु खर्च घटाई पुँजीगत खर्च बढाउन निर्देशन दिने ।

**बैठक संख्याः २१**

<u>**निर्णयहरूः-**</u>

१. समितिबाट विभिन्न मितिमा सरकारलाई दिइएका निर्देशन कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको हुँदा समितिबाट दिइएका निर्देशन कार्यान्वयनको लागि पुन ताकेता गर्ने निर्णय गरियो।

२. समितिको वार्षिक मस्यौदाका लागि गठित उपसमितिबाट प्राप्त भएको वार्षिक प्रतिवेदनको मस्यौदामा माथि छलफल गरी परिमार्जन सहित पारित गरियो ।

३. समितिको वार्षिक प्रतिवेदन आगामी सभाको बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो।

## २.२. उपसमितिको गठन र कार्य

गण्डकी प्रदेश सभा अर्थ तथा विकास समितिबाट विभिन्न विषय क्षेत्रमा केन्द्रित रही समितिमा राय सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्न विभिन्न उपसमितिको गठन गरी कार्य सम्पादन हुँदै आएको अवस्था छ । समितिबाट हालसम्म गठन भएका उपसमिति र कार्यलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

क. अर्थ तथा विकास समितिको कार्यविधि मस्यौदा उपसमितिः- समितिको कार्यविधि मस्यौदाका लागि समितिका माननीय सदस्य श्री सीता कुमारी सुन्दासको संयोजकत्वमा माननीय सदस्य श्री डिल्लीराम सुबेदी, माननीय सदस्य श्री विन्दु पौडेल र माननीय सदस्य श्री हरि बहादुर भण्डारी सदस्य रहनुभएकोमा उपसमितिले कार्यविधिको मस्यौदा निर्माण गरी समितिमा प्रतिवेदन सहित अर्थ तथा विकास समितिको कार्यविधि, २०८० को मस्यौदा पेस गरेको ।

ख. चाड पर्वको समयमा हुने कालोबजारी नियन्त्रणका लागि बजार अनुगमन र सार्वजनिक यातायात तथा सडक सुरक्षा सम्बन्धी निर्देशन कार्यान्वयन अनुगमन उपसमितिः- चाड पर्वको समयमा हुने कालोबजारी नियन्त्रणका लागि बजार अनुगमन र सार्वजनिक यातायात तथा सडक सुरक्षा सम्बन्धी समितिले मिति२०८०/०७/०१ गते दिएको निर्देशन कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गर्न समितिका माननीय सदस्य श्री गणेशमान गुरुङको संयोजकत्वमा माननीय सदस्य श्री प्रकाश बराल र माननीय सदस्य श्री हरि बहादुर भण्डारी सदस्य रहनुभएको निर्देशन कार्यान्वयन अनुगमन समिति गठन भएको ।

ग. राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा मन्त्रालयको काम कारबाहीको प्रभावकारीता वृद्धि गर्न आर्थिक मामिला मन्त्रालय र प्रदेश सरकारका निकायलाई दिन सकिने राय, सुझाव तथा निर्देशनहरुको सिफारिस सहितको प्रतिवेदन तयारी उपसमितिः- मिति २०८०/०९/२३ मा समितिका सदस्यहरु माननीय श्री डिल्लीराम सुबेदी, माननीय श्री प्रकाश बराल, माननीय श्री प्रकाश बहादुर के.सी, माननीय श्री विन्दु पौडेल, माननीय श्री सीता कुमारी सुन्दास र माननीय श्री हरि बहादुर भण्डारी सदस्य रहनुभएको उपसमितिले आर्थिक मामिला मन्त्रालयसँग समितिमा भएको छलफल समेतको आधारमा राजस्व संङ्कलन, खर्च र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा मन्त्रालयको काम कारबाहीको प्रभावकारीता वृद्धि गर्न आर्थिक मामिला मन्त्रालय र प्रदेश सरकारका निकायलाई दिने राय, सुझाव तथा निर्देशनहरुको सम्बन्धमा सिफारिस सहितको प्रतिवेदन समिति समक्ष पेश गरेको ।

घ. समितिको वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिः- समितिको मिति २०८१/०२/२१ गतेको बैठकबाट समितिको काम, कारबाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन मस्यौदा गरी समिति समक्ष पेश गर्न समितिका माननीय सदस्य श्री डिल्लीराम सुबेदीको संयोजकत्वमा माननीय श्री प्रकाश बराल, माननीय श्री विन्दु पौडेल, माननीय श्री सीता कुमारी सुन्दास र माननीय श्री हरि बहादुर भण्डारी सदस्य रहनुभएको वार्षिक प्रतिवेदन मस्यौदा उपससमिति गठन गरिएकोमा समितिले प्रतिवेदनको मस्यौदा तयार गरि समिति समक्ष पेश गरेकोमा आवश्यक परिमार्जन सहित पारित भएको ।

## २.३. विधायन सम्बन्धी कार्य

गण्डकी प्रदेश सभा अर्थ तथा विकास समितिमा समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायबाट प्रदेश सभामा प्रस्तुत भई सभाबाट दफावार छलफलको लागि प्राप्त विधेयक सम्बन्धमा दफावार छलफल गरी सभामा प्रतिवेदन पेश गर्ने समितिको विधायन सम्बन्धी महत्वपूर्ण कार्यको रुपमा रहेको छ । समिति गठन भई कार्यारम्भ भएपश्चात समितिमा दफावार छलफलको लागि प्राप्त भएको "गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक" सम्बन्धमा दफावार छलफल गरी सभामा प्रतिवेदन पेश गरिएको छ । जुन विधेयक गण्डकी प्रदेश सभाबाट पारित भई प्रमाणीकरण पश्चात हाल कार्यान्वयनको क्रममा रहेको छ । उक्त विधेयक सम्बन्धमा समितिमा दफावार रुपमा छलफल, वन क्षेत्रका विज्ञहरुसँग राय परामर्श, विभिन्न चरणमा वन क्षेत्रका सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया, सम्बन्धित मन्त्रालयका मन्त्री एवं मन्त्रालयका सचिव लगायत जिम्मेवार पदाधिकारीहरु, विधेयक सम्बन्धमा संशोधनको सूचना दर्ता गर्नुहुने माननीय सदस्यहरु र गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरुसँग समेत विभिन्न चरण छलफल गरी राय सुझाव प्राप्त गरिएको थियो । विधेयक सम्बन्धमा समितिबाट सभामा प्रस्तुत गरिएको प्रतिवेदन अनुसूचीमा संलग्न गरिएको छ ।

## २.४. विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रम

समितिबाट विभिन्न समयमा सरोकारवाला निकाय र विभिन्न सरोकारवाला संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ । समितिको कार्यक्षेत्र भित्रका सार्वजनिक सरोकारका विषय र प्रदेश सरकारको वार्षिक विकास कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमको कार्यान्वयन लगायतका विषयमा समितिले विभिन्न मितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सरोकारवालाहरुको सुझाव एवं समितिमा विभिन्न चरणका बैठकहरुमा छलफल गरी राय सुझाव सहितको प्रतिवेदन, निर्णय र निर्देशन प्रदेश सरकारलाई दिँदै आएको अवस्था छ । समितिबाट सञ्चालन भएका केही महत्वपूर्ण छलफल तथा अन्तरक्रिया कार्यक्रम निम्नानुसार रहेका छन्:-

- क. प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम,
- ख. चाडवाडको मुखमा हुने मूल्यवृद्धि, वजार अनुगमन तथा यातायात व्यवस्थापन सम्बन्धमा सरोकारवालाहरुसँग छलफल कार्यक्रम,
- ग. आर्थिक वर्ष २०८१/८२ को लागि तय गरिने नीति तथा कार्यक्रमका सम्बन्धमा प्रि बजेट छलफल कार्यक्रम,

## २.५. स्थलगत अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य

समितिले निम्नानुसारको उद्देश्य राखी एक पटक स्थलगत अनुगमन तथा निरीक्षण गरेको थियो ।

(क) हाल बन्द अवस्थामा रहेका गोरखकाली रबर उद्योग, भृकुटी कागज कारखाना जस्ता रुग्ण उद्योगहरुको निरीक्षण गरी उद्योग सञ्चालनका सम्भाव्य उपायहरुको खोजी गरी सरकारलाई आवश्यक राय, सल्लाह र सुझाव उपलब्ध गराउने।

(ख) प्रदेश सरकारबाट चालु आ.व.मा नवलपुर जिल्लामा सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था सम्बन्धमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने ।

(ग) योजना तथा कार्यक्रमको सञ्चालनका क्रममा देखिएका कमी कमजोरीमा सुधार ल्याउन सम्बन्धित पक्षहरुलाई सुझाव तथा मार्गदर्शन गर्ने ।

(घ) जिल्लास्थित कार्यालयको सेवा प्रवाहको अवस्था सम्बन्धमा जानकारी लिई प्रभावकारी सेवा प्रवाहका लागि सरकारलाई सुझाव तथा निर्देशन दिने ।

(ङ) नवलपुर जिल्लामा निजी क्षेत्रबाट सञ्चालनमा रहेका ठूला, मझौला र साना उद्योगहरुको अवस्था सम्बन्धमा स्थलगत अनुगमन गर्ने ।

(च) स्थलगत अनुगमनको क्रममा समितिको कार्यक्षेत्र भित्र पर्ने जनसरोकारका विषय क्षेत्रमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने ।

(छ) अनुगमन तथा निरीक्षणबाट देखिएका विषयहरुमा समितिबाट राय, सुझाव, निर्देशन सहितको प्रतिवेदन पेश गर्ने ।

उक्त अनुगमनवाट समितिले देहायको निष्कर्ष निकालेको थियो ।

(क) गोरखकाली रबर उद्योग नेपालकै एकमात्र रबर उद्योगको रुपमा स्थापना भई सञ्चालनमा आएको उद्योग हो । वर्षेनी भारत लगायत बिदेशबाट अरबौंको टायर आयात हुने गरेको अवस्थामा स्थापना भई सञ्चालनमा आएको यो उद्योग मिति २०७१ चैत २३ गतेबाट बन्द अवस्थामा छ । नेपालको भूगोल र यहाँ निर्माण भएका सडकहरुमा गुड्ने सवारी साधनहरुको लागि अझैपनि यहाँबाट उत्पादन हुने टायर उपयुक्त नै रहेको सम्बन्धित विषयका जानकारहरुको भनाई रहेको र उद्योगमा जडान भएका करोडौं मुल्यका मेशिनहरुको आयु प्रयोगमा नआउँदा दिन प्रतिदिन घट्दै गएको, करोडौं रुपैयाँको कच्चा पदार्थको स्टक समेत त्यतिकै नासिने अवस्था रहेको हुँदा उक्त उद्योगलाई प्रदेश सरकार मातहत ल्याउने र सञ्चालनको उपयुक्त विधि तय गरी उद्योग सञ्चालन गर्न आवश्यक गर्ने व्यवस्था मिलाउन गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।

(ख) नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यले स्थापना भएको भृकुटी कागज कारखानाले देशको कागजको लगभग ३५ प्रतिशत माग पुरा गरेको थियो भने केही उत्पादन जापान समेत निर्यात समेत हुने गरेको थियो । नेपाल सरकारले केही वर्ष कारखाना सञ्चालन गर्दा निरन्तर घाटामा गएको भन्दै मिति २०४९ पौष २० गते भृकुटी कागज कारखाना गोल्छा अर्गनाइजेसनलाई विक्री गरेको थियो । निजीकरण पश्चात १७ वर्ष मिति २०६७ फागुन सम्म उत्पादन गरेको उद्योग २०६९ सालमा पूर्ण रुपमा बन्द हुँदा उद्योगमा करिब सात सय कर्मचारी कार्यरत रहेकोमा उद्योग बन्द भएपश्चात करार र ज्यालादारी कर्मचारीको हिसाब मिलान गरी उद्योगमा बाँकी रहेका ३३३ कर्मचारीको लगभग ३५ करोडको हाराहारीमा

पारिश्रमिक भुक्तानी गर्न बाँकी रहेको, बैंक तथा वित्तिय संस्थाहरुसँग लिएको कर्जा भुक्तानी गर्न बाँकी रहेको, कारखानाको भौतिक संरचनाहरु कामै नलाग्ने गरी जिर्ण अवस्थामा रहेको देखिएको र जीर्ण भौतिक संरचनाकै कारण बेलाबखत जनधनको समेत क्षति भइरहेको जानकारीमा आएको र हुनसक्ने सम्भावना समेत रहेको हुँदा जीर्ण भौतिक संरचना हटाई व्यवस्थापन गर्ने, बाँकी रहेको दायित्व फरफारक गरी उपयुक्त विधि तय गरी वातावरण प्रदुषण नहुने गरी उक्त स्थानमा कागज कारखाना सञ्चालन गर्ने व्यवस्था मिलाउन गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।

(ग) निजी क्षेत्रबाट सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरु विशेषगरी सिमेन्ट उद्योगसम्म पुगनको लागि पहुँच मार्ग सरकारले निर्माण गरिदिनुपर्ने अवस्था रहँदा रहँदै पनि हालसम्म उद्योग प्रतिष्ठानहरु सम्म सहज पहुँचका लागि पहुँच मार्गको उचित व्यवस्थापन नहुँदा उत्पादन लागत बढ्ने, स्थानीयहरुको विरोधका कारण उत्पादनको कार्य समेत प्रभावित हुने भएको हुँदा पहुँच मार्गको निर्माण हुनुपर्ने ।

(घ) विगतमा कोभिड-१९ को महामारी र वर्तमान आर्थिक मन्दीका कारण उद्योगी व्यवसायीहरुले चर्को व्याजदरमा ऋण लिनुपर्दा उद्योग व्यवसाय सञ्चालनमा समस्या भैरहेको देखिएको हुँदा प्रदेश सरकारले संघ सरकारसँग यो विषयमा आवश्यक समन्वय गरी बैंक व्याजदर लगायतका विषयहरुमा देखिएका समस्याहरुको समाधान लागि उचित पहल गर्न आवश्यक देखिएको ।

(ङ) सीजी औद्योगिक क्षेत्रको स्थलगत निरीक्षणका क्रममा उद्योगमा उत्पादन कार्यमा खटिएका, मजदुर, कर्मचारीहरुको आधारभुत स्वास्थ्य तथा सुरक्षाका लागि मास्क, पन्जा, पोशाकको प्रयोग गरेको देखिएन, कर्मचारी परिचयपत्रको व्यवस्था गरेको पनि पाइएन र उद्योगको सरसफाईमा त्यति ध्यान पुऱ्याएको पनि पाइएन । यसबाट कर्मचारी तथा मजदुरहरुको स्वास्थ्य तथा सुरक्षाका साथै उद्योगबाट उत्पादित वस्तुहरुको गुणस्तरमा समेत प्रश्न उठ्ने र उत्पादित सामानबाट उपभोक्ताहरुको स्वास्थ्यमा समेत गम्भिर असर पुग्ने हुँदा आधारभुत मापदण्ड अनुसारका स्वास्थ्य तथा सरसफाईमा ध्यान पुऱ्याउनुको साथसाथै सामाजिक उत्तरदायित्व तथा ग्रिनरीका लागि आवश्यक कार्य सञ्चालन गर्न कम्पनीलाई सुझाव दिन र प्रदेश सरकारका सम्बन्धित कार्यालयहरुले यस विषयमा नियमित अनुगमन गर्न आवश्यक देखिएको ।

(च) नेपालले आयात गरिरहेको फलाम तथा फलामजन्य सामाग्रीको २५ प्रतिशत माग पुरा हुने र वार्षिक करिव डेढ खर्ब रुपैयाँ बराबरको फलाम तथा फलामजन्य वस्तुको आयातलाई प्रतिस्थापन गर्न सक्ने र यसबाट निस्कने Waste (Slag) समेत विभिन्न निर्माण कार्य तथा नेपालकै सिमेन्ट उद्योगहरुको लागि कच्चा पदार्थको रुपमा उपयोग हुनसक्ने प्रशस्त सम्भावना बोकेको धौवादी फलाम खानी गण्डकी प्रदेश तथा नेपालकै महत्वपूर्ण गौरवको विषय हुँदाहुँदै पनि जुन रुपमा यसलाई अगाडि बढाउनुपर्थ्यो त्यस किसिमबाट हुन नसकेको वर्तमान अवस्थामा धौवादी फलाम कम्पनीको सञ्चालनको लागि प्रदेश सरकारले आफ्नो पहलकदमी अगाडि बढाउनु आवश्यक देखियो। हाल प्रस्तावित शेयर संरचनामा प्रदेश र स्थानीय सरकारको शेयर संरचना अनुपात क्रमशः ३ र २ प्रतिशत रहेको भनिएकोमा उक्त अनुपात

अत्यन्त न्यून देखिएकोले शेयर अनुपात वृद्धि गरी शेयर संरचना परिवर्तन गर्न आवश्यक पहल गर्नुपर्ने ।

(छ) गण्डकी प्रदेश सरकारबाट प्रस्तावित लौकाहा खोला औद्योगिक क्षेत्र धौवादी फलाम कम्पनी लिमिटेडको प्रस्तावित स्टील प्लान्ट साइटको १ नं प्राथमिकताको क्षेत्रको रुपमा रहेको हुँदा उक्त स्थानमा कुन आयोजना उपयुक्त हुने हो संघ र प्रदेश सरकारको बीचमा समन्वय हुन आवश्यक देखिएको ।

(ज) प्रदेश गौरवको आयोजनाको रुपमा प्रस्तावित "दुम्कीबास त्रिवेणी सडक निर्माणको कार्य अगाडि बढ्न नसक्दा विनयी त्रिवेणी गाउँपालिका वडा नं ६ र ७ त्रिवेणी धाम सम्म पुग्नको लागि लुम्बिनी प्रदेश हुँदै जानुपर्ने अवस्थाको अन्त्य गर्न संघ सरकार राष्ट्रिय निकुञ्जसँग समन्वय गरी सडक निर्माणको कार्यलाई तत्काल अगाडि बढाउन आवश्यक देखिएको ।

(झ) गण्डकी प्रदेशको प्रसिद्ध धार्मिक स्थल त्रिवेणी धामको पारिपट्टी माडी नगरपालिका वडा नं १ मा अवस्थित धार्मिक तथा पुरातात्विक स्थल वाल्मिकी आश्रम सम्म सहज पहुँच, उक्त स्थानको समुचित विकास, बिद्युत, खानेपानी, स्वास्थ्य, शिक्षा, बाटो जस्ता आधारभुत आवश्यकताको परिपूर्तीका लागि आवश्यक कार्ययोजना तयार गरी लागु गर्न गण्डकी र बागमती प्रदेश सरकारको पहलकदमी आवश्यक देखियो । यसका लागि सङ्घ सरकार र बागमती प्रदेश सरकारसँग आवश्यक समन्वय गर्न गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव दिने ।

# परिच्छेद — तीन
# निर्णय निर्देशन कार्यान्वयन सम्बन्धी

## ३.१.निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

अर्थ तथा विकास समितिले आफ्नो कार्यक्षेत्र भित्रका विभिन्न विषयक्षेत्रहरुमा विभिन्न निर्णय लिने र सरकारलाई निर्देशनहरु दिने गरेको छ । समितिबाट यसरी लिइएका निर्णयहरु र दिइएका निर्देशनहरु मध्ये केही कार्यान्वयन भएको अवस्था छ भने केही निर्णय, निर्देशन तथा सुझावहरु कार्यान्वयन हुने प्रक्रियामा रहेका छन् । समितिबाट दिइएका निर्देशनहरु कार्यान्वयनको अवस्था त्यति सन्तोषजनक नदेखिएको समितिको ठम्याई रहेको छ । समितिबाट हालसम्म भएका निर्देशन र निर्देशन कार्यान्वयनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| क्र.स. | समितिको निर्णय तथा निर्देशन | कार्यान्वयनको अवस्था तथा प्राप्त जवाफ |
|---|---|---|
| १. | "दैनिक प्रयोग हुने अत्यावश्यक वस्तुहरू नुन, चिनी, चामल, दाल, तरकारी, तेल, दुध, पानी, औषधि लगायतका उपभोग्य वस्तुहरूमा दशैं, तिहार, छठ लगायतका पर्वहरूलाई लक्षित गरी हुने कालो बजारी, मूल्यवृद्धि, मिसावट, कृत्रिम अभाव, कार्टेलिङ्ग, सिन्डिकेट, गुणस्तर लगायतका अनियमित गतिविधि रोक्न उपभोग्य वस्तुहरूको बजार अनुगमन गर्ने कामका लागि पर्याप्त मात्रामा जनशक्ति र श्रोत साधनको व्यवस्था गरी अनुगमन कार्यलाई तदारूकता दिन गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने" | बजार अनुगमन नियमावली,२०७६ को व्यवस्था अनुसार गठीत प्रदेश बजार अनुगमन समितिको मिति २०८० मंसिर १२ गते बैठक बसी बजार अनुगमन कार्ययोजना तयार गरी बजारमा हुनसक्ने कालोबजारी, मूल्यवृद्धि, मिसावट, कृत्रिम अभाव, कार्टेलिङ्ग, सिन्डिकेट, गुणस्तर लगायतका अनियमित गतिविधि रोक्न बजार अनुगमनका लागि पर्याप्त बजेट विनियोजन समेत भएको छ भने बजार अनुगमनको कार्य भईरहेको अवस्था छ। यसै क्रममा गोरखा, स्याङ्जा, पर्वत, तनँहु, लमजुङ, म्याग्दी, बागलुङ, नवलपुर र मुस्ताङमा जिल्ला बजार अनुगमन टोलीबाट अनुगमन गरी अनुगमन टोलीको रोहवरमा म्याद गुज्रिएका सामानहरूको नष्ट गरिएको स्याङ्जामा रू ४ लाख ३० हजार जरिवाना गरी राजस्व संकलन गरिएको । लमजुङमा ११३ वटा फर्मलाई जरिवाना गरिएको तथा १ लाख ५ हजार ४ सय ५५ रूपैयाँ बराबरको सामान जफत गरी नष्ट गरिएको। रू २ लाख ८० हजार ९ सय जरिवाना गरि राजस्व संङ्कलन गरिएको।म्याग्दी जिल्लामा १३५ व्यापारिक फर्ममा म्याद गुज्रेका तथा अखाद्य पदार्थ रु४५ हजार ९ सय ४० बरबरको सामान जफत गरी नष्ट गरिएको । त्यस्तै प्रदेश बजार अनुगमन समितिबाट कास्कीको पोखरा महानगरका विभिन्न स्थानमा सञ्चालित व्यापारीक फर्म, फ्रेस हाउस, किराना पसल, रेष्टुरेन्ट लगायतको अनुगमन गरी म्याद गुज्रेका खाद्य सामानहरु नष्ट गरिनुका साथै बिक्री मूल्य सूची नराखेका, प्याकेजिङ नगरेका फर्महरुलाई उपभोक्ता हित संरक्षण ऐन, |

| क.स. | समितिको निर्णय तथा निर्देशन | कार्यान्वयनको अवस्था तथा प्राप्त जवाफ |
|---|---|---|
| | | २०७५ को दफा ३८ बमोजिम जरिवाना तथा कारबाही गरिएको र अनुगमनका क्रममा देखिएको त्रुटिहरू सुधार गर्नका लागि आवश्यक निर्देशन तथा सुझावहरू दिइएको जानकारी समितिमा प्राप्त भएको। |
| २. | "चाडपर्वको समयमा बढी दुर्घटना हुने परिस्थितिमा रोकथाम गर्न लामो दुरीका सवारी साधनमा २ जना सवारी चालक नराख्ने क्षमता भन्दा बढी यात्रु बोक्ने जेष्ठ नागरिक, महिला अपाङ्ग/अशक्तलाई सिट आरक्षित गर्ने व्यवस्था अनिवार्य रूपमा लागु नगर्ने, टिकटको कृत्रिम अभाव सिर्जना गर्ने, बिचौलिया र सिन्डिकेट गर्ने यातायात व्यवसायी र व्यक्तिको अनुगमन गरी कारवाही गर्न आकस्मिक रूपमा अवरूद्ध हुने सवारी आवागमन तत्काल खुलाई विना अवरोध सवारी सञ्चालनको व्यवस्था मिलाउन तथा जोखिमयुक्त सडक क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रमा मर्मत, सम्भार र सुरक्षा व्यवस्था लगायतका विषयमा बिशेष सावधानी अपनाउन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।" | सम्बन्धित मन्त्रालयवाट यस सम्बन्धमा कार्यान्वयन भए नभएको जानकारी हालसम्म प्राप्त नभएको । |
| ३. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत आ.व. २०८०/०८१ मा सञ्चालन हुने विकास आयोजना सम्बन्धमा सङ्घीय सरकारले प्रदेशमा हस्तान्तरण गरेका तथा लागत साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेशका गौरबका आयोजना एवं वार्षिक विकास कार्यक्रममा उल्लेख भएका योजनाहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विवरण र विभिन्न कारणले हालसम्म पनि कार्यान्वयन हुन नसकेका रुग्ण आयोजनाको विवरण अर्थ तथा विकास समिति समक्ष पेस गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने। | विवरण प्राप्त भएको। कतिपय रुग्ण योजनाहरूको म्याद सकिएको, निर्माण व्यवसायीको ढिलासुस्तिको समस्या। योजना सम्पन्न गर्न पर्याप्त बजेट नभएको, कतिपय निर्माण व्यवसायी सम्पर्कमा नआएको। योजना सम्पन्न गर्न बजेट अपर्याप्त रहेको, निर्माण व्यवसायीले सम्पन्न गरेको कार्यको रकम भुक्तानी लामो समय देखि रोकिएको लगायतका समस्या रहेको जानकारी प्राप्त भएको । |
| ४. | पोखरा नगर क्षेत्र भित्र चल्ने सार्वजनिक सवारी साधनका सम्बन्धमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई देहायको निर्देशन दिनेः-<br>(क) नगर क्षेत्रभित्र चल्ने सार्वजनिक सवारी साधन ट्याक्सीले मिटर सिस्टममा चल्न नमान्ने र बढी भाडा असुल्ने तथा पोखरा क्षेत्रीय | केहिलाई कारबाही गरिएको जानकारी प्राप्त भएको । उक्त निर्देशन आंशिक रूपमा कार्यान्वयन भएको।<br><br>पोखरा नगर क्षेत्रभित्र चल्ने सार्वजनिक सवारी साधन ट्याक्सीलाई अनिवार्य रूपमा मिटरमा सञ्चालन हुनका लागि पटक पटक निर्देशन दिइएकोमा आंशिक रूपमा कार्यान्वयन भएको अवस्था रहेको छ साथै पोखरा अन्तराष्ट्रिय विमानस्थलमा समेत |

| क्र.स. | समितिको निर्णय तथा निर्देशन | कार्यान्वयनको अवस्था तथा प्राप्त जवाफ |
|---|---|---|
| | अन्तर्राष्ट्रिय विमानस्थल देखि नजिकको गन्तव्यसम्म जाँदा पनि मनोमानी शुल्क लिने गरेको जनगुनासो आइरहेको सन्दर्भमा सो कार्यको नियमित अनुगमन गरी मिटर सिस्टममा तोकिएको भाडादर मात्र लिने गरी ट्याक्सी सञ्चालन हुने व्यवस्था मिलाउने।<br>(ख) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलभित्र सवारी साधन पार्किङ गर्दा चर्को शुल्क तिर्नुपर्ने र सोको कारण यात्रुहरु बढी भाडाको मारमा परेको भन्ने गुनासो सम्बोधनका लागि सङ्घीय सरकारसँग आवश्यक पहल गरी विमानस्थल भित्रको पार्किङ शुल्कलाई वैज्ञानिक र व्यवहारिक बनाउने। | ट्याक्सीलाई ट्राफिक प्रहरी सँग समन्वय गरी मिटरमा सिस्टममा सन्चालन हुन निर्देशन दिइएको र मिटरमा नचल्ने ट्याक्सीलाई कारबाही गरिएको व्यहोरा समितिलाई जानकारी गराएको ।<br><br>पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलमा कायम भएको चर्को पार्किङ शुल्कको सम्बन्धमा नागरिक उड्डयन प्राधिकरण सँग भएको छलफलको निष्कर्षमा अन्तराष्ट्रिय विमानस्थलमा ठेक्का प्रणाली मार्फत पार्किङ व्वस्थापन गर्दा केही महङ्गो हुन गएको जवाफ प्राप्त भएको। |
| ५. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल देखि हाइवेसम्म आवतजावतमा नागरिकको सहजताको लागि निशुल्क सटल बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने। | कार्यक्षेत्र भित्र नरहेको भनि जवाफ प्राप्त भएको। |
| ६. | प्रशासनिक गतिविधिलाई वस्तुनिष्ठ, पारदर्शी र जवाफदेही बनाउन तथा मन्त्रालयको कार्यसम्पादनमा भइरहेको ढिलासुस्ति हटाई छिटो छरितो कार्यसम्पादनका लागि समय सारिणी लागु गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने। | समय सारिणीको लागु गर्ने बारेमा छलफल भइरहेको जवाफ प्राप्त भएको। |
| ७. | तिन पाङ्ग्रे अटो रिक्सा, सवारी मर्मत वर्कसप प्रदेशमा नै दर्ताको लागि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने। | दर्ता प्रक्रिया शुरू गरिएको व्यहोरा समितिलाई जानकारी भएको । |
| ८. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला मन्त्रालयलाई च.नं. १२३ मिति २०८०।१०।११ को पत्र मार्फत दिइएको निर्देशन तथा सुझाव। | राष्ट्रिय समन्वय परिषदको पहिलो बैठकबाट एउटै प्रकृतिका कामको लागि संघ र प्रदेशमा स्थापना भएका अलग अलग संरचनामा भएको दोहोरोपना हटाई आगामी दिनमा संगठन संरचनालाई छरितो तथा नागरिक केन्द्रित बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रादेशिक समन्वय हेर्ने सचिवको संयोजकत्वमा एउटै प्रकृतिको कामको लागि स्थापना भएका अलग अलग संरचना हटाउने संरचना खारेजी सिफारिस समिति गठन गरिएको। हाल प्रत्येक महिनाको ५ गते सचिव बैठक वसी प्रशासनिक खर्चमा देखिएको दोहोरोपना हटाउने, बिना झन्झट सेवाग्राहीलाई सेवा प्रदान गर्ने, सचिवबाट कार्यालय प्रमुखलाई अख्तियारी प्रदान गर्ने लगायतका केही कार्यात्मक व्यवस्थाहरू निर्णय भई |

| क्र.स. | समितिको निर्णय तथा निर्देशन | कार्यान्वयनको अवस्था तथा प्राप्त जवाफ |
|---|---|---|
| | | कार्यान्वयनमा आएका छन। |
| ९. | प्रदेश सरकार र स्थानीय तह बीचको समन्वय र सहकार्य प्रभावकारी नभएको व्यापक गुनासो रहेको छ । सहकार्य र समन्वय नहुँदा योजनामा दोहोरोपना, प्रदेशका योजना सम्बन्धित स्थानीय तहलाई जानकारी नहुने, राजस्व संकलनमा समस्या लगायत विविध तथा कार्यक्षेत्रमा समेत द्विविधा उत्पन्न भएको देखिन्छ । प्रदेश र स्थानीय तहबीचको समुधुर सम्वन्ध विना आपसमा विश्वासको वातावरण बन्दैन, समन्वय र सहकार्य प्रभावकारी हुँदैन । समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन सङ्घीय सरकारले सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ जारी गरेको र उक्त ऐनको दफा २४ मा प्रदेश समन्वय परिषदको गठन सम्वन्धी व्यवस्था रहेको विभिन्न समयमा परिषद्को बैठक बसी आवश्यक निर्णय गरेको तर निर्णय कार्यान्वयनमा तदारूकता र प्रभावकारिता देखिएन। संङ्घीयताको संस्थागत विकासको लागि समन्वयलाई प्रभावकारी बनाई पारस्परिक सहयोगको आधार निर्माणको लागि सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (२) अनुसार प्रदेश समन्वय परिषद्को सचिवालय स्थापना गर्ने । उक्त सचिवालयलाई विभिन्न तहहरूको गुनासो, विवाद तथा उजुरी दर्ता गर्ने, समन्वय परिषद्को बैठकमा छलफल गर्नुपर्ने विषयवस्तुको अध्ययन अनुसन्धान, विषयवस्तुको औचित्यता र वस्तुनिष्ठता आदि विषयको परामर्श दिने, परिषद्ले मार्गदर्शन गरेका विषयहरूको कार्यान्वयन गर्ने गराउने र सो को अनुगमन मूल्याङ्कन गरी परिषदलाई पृष्ठपोषण दिने, तथ्य, तथ्याङ्क तथा अभिलेख राख्ने, राय सुझाव र गुनासो सङ्कलन गर्ने, विज्ञहरूको रोष्टर तयार गरी आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गरी छलफल गर्ने, परिषदको बैठक ब्यवस्थापन गर्ने लगायतका जिम्मेवारी दिई यी जिम्मेवारी कार्यान्वयन गर्न आवश्यक पर्ने अधिकार विनियोजन, जनशक्ति व्यवस्थापन, स्रोत साधनको व्यवस्थापन तथा संगठन संरचना निर्माण गरी | प्रदेश सरकार स्थानीय तह (समन्वय तथा अन्तर सम्वन्ध) ऐन २०७७ ले तोके बमोजिम तिनै तहवीच सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा औपचारिक तथा अनौपचारिक संयन्त्र मार्फत निरन्तर रूपमा अन्तरक्रिया, छलफल र सहजीकरण भइरहेको, प्रदेश समन्वय परिषद, प्रदेश विकास समस्या समाधान समिति र प्रदेश विकास परिषद्को बैठक नियमित रूपमा बस्ने गरेको र परिषद तथा समितिको निर्णयहरू कार्यान्वयनका लागि राष्ट्रिय समन्वय परिषद, अन्तर प्रदेश परिषद् र राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा विषयहरू उठान गरिएको तथा निर्णयहरू कार्यान्वयन गरिएको अवस्था रहेको छ।प्रदेश समन्वय परिषदको सचिवालयको रूपमा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिदको कार्यालय अन्तरगत रहेको शासकिय सुधार तथा समन्वय महाशाखाले (सञ्चालन तथा व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०७९ बमोजिम कार्य गर्दै आएको तथा नेपाल सरकारले परिमार्जन गरेको कार्यविस्तृतीकरण प्रतिवेदनमा गण्डकी प्रदेश सरकारले प्रदेश समन्वय परिषद, प्रदेश विकास समस्या समाधान समिति र प्रदेश विकास परिषद्को बैठकमा उठान भएका विषयवस्तुलाई संशोधन सहित राय सुझावको रूपमा पेश गरिएको व्यहोरा जानकारी समितिलाई जानकारी गराएको ।<br><br>प्रदेशको प्रशासनिक पुनःसंरचना गरी संगठन संरचनालाई चुस्त र प्रभावकारी बनाउन प्रशासन सुधार कार्यदल गठन गरी जनशक्ति, संगठन संरचना तथा कार्यशैलीलाई छिटो छरितो र सरल बनाउने कार्य भैरहेको । नीति, कानून, योजना तर्जुमा, आयोजना निर्माण र कार्यान्वयनमा स्थानीय तहसँग सुझाव माग गरी प्राप्त सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको व्यहोरा समितिमा जानकारी गराएको । |

| क्र.स. | समितिको निर्णय तथा निर्देशन | कार्यान्वयनको अवस्था तथा प्राप्त जवाफ |
|---|---|---|
| | अर्थपुर्ण समन्वय र सहकार्यको आधार तयार गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिइएको। | |
| १०. | यस आर्थिक बर्षको हालसम्मको पुँजीगत खर्च अत्यन्त न्यून देखिएकोले पुँजीगत खर्चको वृद्धि लगायत समष्टिगत आर्थिक संसाधनको प्रभावकारी परिचालन गरी आर्थिक प्रणालीलाई गतिशिल र विकास प्रकियालाई द्रुततर बनाउन आवश्यक सुधार गर्नुपर्ने विषयहरू समेटी १५ दिन भित्र वस्तुनिष्ठ र कार्यान्वयन योग्य कार्ययोजना आर्थिक मामिला मन्त्रालयले तयार गरी लागु गर्ने र सो को जानकारी समितिलाई गराउने । कार्ययोजना तयार गर्दा आर्थिक मामिला मन्त्रालयले नेतृत्वदायी भुमिकामा रही सबै मन्त्रालय तथा निकायसँग समन्वय गरी नीतिगत, संरचनागत, प्रशासनिक, प्राविधिक तथा व्यवहारगत लगायतका सुधारका विषयहरू समावेशका लागि निर्देशन दिने। प्रदेश सरकारको आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा एकरूपता तथा सामञ्जस्यता कायम गरी विनियोजन दक्षता अभिवृद्धि गर्न, विनियोजन विधेयकका सिद्धान्त र प्राथामिकता प्रत्येक आर्थिक वर्षको चैत्र १५ गते भित्र प्रदेश सभामा पेश गर्ने तथा मध्यमकालिन खर्च संरचना (MTEF), आर्थिक सर्वेक्षण, नीति तथा कार्यक्रम, बजेट, विनियोजन विधेयक र आर्थिक विधेयक पेश गर्ने समय सभाको छलफलबाट प्राप्त पृष्ठपोषण कार्यान्वयन गरी कार्यक्रम र स्रोत विनियोजन गर्न सकिने समय रहनेगरी बजेट क्यालेन्डर पुनरावलोकन गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने। बजेट क्यालेन्डर परिमार्जन गर्न प्रचलित प्रदेश कानून संशोधन गर्नुपर्ने भएमा सो समेतको नियमानुसार आवश्यक व्यवस्थापन गर्न आर्थिक मामिला मन्त्रालयलाई निर्देशन दिने। | कार्यान्वयन नभएको । |
| ११. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई दिइएको निर्देशन गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ को व्यवस्था बमोजिम प्राइभेट फर्म नविकरणमा ऐन जारी भएको शुरूको २ वर्ष भित्र नविकरण हुन नसकेका प्राइभेट फर्मलाई सो समय सीमा पछि जरिवाना सहित नविकरणको व्यवस्था | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ संशोधन गर्न वनेको विधेयकमा उक्त विषय समावेश भई प्रदेश सभामा पेश भई हाल छलफलको क्रममा रहेको । |

| क्र.स. | समितिको निर्णय तथा निर्देशन | कार्यान्वयनको अवस्था तथा प्राप्त जवाफ |
|---|---|---|
| | नहुँदा ठूलो संख्यामा प्राइभेट फर्म नविकरण हुन नसकेकोले सो बाट प्राप्त हुन सक्ने राजस्व समेत गुमेको अवस्था छ। यस्ता फर्मलाई नियमानुसार लाग्ने शुल्क तथा जरिवाना समेत लिई नविकरण गरी नियमित गर्न उपयुक्त हुने भएकाले सो को आवश्यक व्यवस्थापन गर्ने। | |
| १२ | आर्थिक वर्ष २०८१/८२ का लागि नीति, कार्यक्रम र बजेटमा समावेश गर्न दिइएका निर्देशनहरु । (समितिको बैठक संख्या २१ को निर्णय अनुसार) | आंशिक कार्यान्वयन भएको । |

## ३.२. कार्य सम्पादनमा देखा परेका समस्या

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संस्थागत भएसँगै स्थापना भएको प्रदेश संरचना नितान्त नौलो अभ्यासको रुपमा रहेको छ । प्रदेश सभाको पहिलो कार्यकालको समाप्ति सँगै दोस्रो कार्यकालको हालसम्मको समयावधिमा समितिबाट आफ्नो कार्यक्षेत्रका विषयहरुमा कार्यसम्पादन हुँदै आएको छ । यसरी समितिले कार्यसम्पादन गर्ने क्रममा देहायका समस्या देखा परेका छन् ।

(क) समितिले वैठकको कार्यतालिका वनाई लागु गर्न नसक्नु । कार्यतालिका नबनाउँदा सदस्यलाई वैठकमा समय व्यवस्थापन तथा वैठकका विषयवस्तु अध्ययन गर्न पर्याप्त समय नहुदाँ विषयवस्तुको गाम्भिर्यता अनुसार छलफल हुन नसक्नु,

(ख) समिति सदस्य र कार्यरत कर्मचारीमा समितिबाट सम्पादन गरिने कतिपय विषयहरुमा विज्ञताको अभावले समितिले अपेक्षित नतिजा निकाल्न नसकिनु,

(ग) समितिमा पर्याप्त बजेट र समितिको आफ्नै बजेट शिर्षक नहुँदा बजेट प्रस्ताव तथा खर्चका साथै कार्यक्रम कार्यान्वयनमा समस्या रहनु,

(घ) प्रदेश सभा सचिवालयमा अध्ययन तथा अनुसन्धान ईकाईको व्यवस्था नहुँदा तथ्यका आधारमा विधेयक निर्माण, स्थलगत अनुगमन, अनुगमन पछिको विश्लेषण, नविन विषयको छलफल लगायतका काम प्रभावकारी हुन नसक्नु,

(ङ) समितिका माननीय सदस्य तथा कर्मचारीहरुको क्षमता विकासका लागि प्रयाप्त तालिम, भ्रमण (अन्तरदेशिय तथा अन्तरप्रदेश) तथा अध्ययनको उचित व्यवस्था हुन नसक्नु,

(च) समितिलाई आवश्यक पर्ने पर्याप्त जनशक्ति व्यवस्थापन नहुनु,

(छ) समितिलाई आवश्यक पर्ने स्रोत साधनको उचित व्यवस्था गर्दै समितिका काम कारबाहीहरु पूर्ण रुपमा प्रविधिमैत्री वनाउन नसकिनु,

(ज) कानुन कार्यान्वयनको मापन, प्रत्यायोजित अधिकार अनुसार वनेका कानुनको अनुगमन लगायत कतिपय समितिको कार्यक्षेत्रभित्र पर्ने कार्यहरु सम्पादन गर्न नसकिनु,

(झ) समितिले दिएका निर्देशनलाई सरकारले गाम्भिर्यताका साथ अपनत्व नलिनु, निर्देशन कार्यान्वयनमा चासो नदिनु तथा समितिको निर्देशन कार्यान्वयन नगर्दा के कस्तो दण्ड हुने भन्ने कानूनी व्यवस्था नहुनु,

(ञ) समितिले माग गरेका विवरण सरकारका निकायहरुले समयमै समितिमा नपठाउनु तथा पठाईएका विवरण पूर्ण नहुनु,

(ट) दल प्रथाको प्रधानता र संसदीय वहुमत नै सरकार निर्माणको आधार हुने हुदाँ व्यवस्थापिका माथि कार्यपालिकाको पुर्ण पकड हुने अवस्था रहन्छ । समितिका वहुमत सदस्य पनि सरकार पक्षकै रहने हुँदा कतिपय अवस्थामा समितिको निर्णयमाथि पनि सरकारको प्रभाव पर्ने अवस्था आउन सक्ने देखिनु,

(ठ) कतिपय अवस्थामा यस समितिको कार्यक्षेत्रअनुसारका काम गर्दा अन्य समितिको कार्यक्षेत्रमा पनि प्रवेश गर्नुपर्ने हुँदा कार्यक्षेत्रको द्वन्द्व हुनु,

(ड) समितिले सम्पादन गरेका कामकारवाहीलाई समयमै जनस्तरमा प्रेषित गर्न नसकिएको, समिति, सरकार, नागरिक समाज र मिडियाबीच उचित समन्वय गर्न नसकिएको,

(ढ) समितिले समय समयमा दिएका निर्देशन र समितिको प्रतिवेदन कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गर्न नसकिनु, आदि ।

# परिच्छेद - चार
# निष्कर्ष र सुझाव

## ४.१. निष्कर्ष

जनताको आवाजलाई प्रतिनिधित्व गर्ने तथा जनताका ईच्छा, आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्ने सन्दर्भमा यसले सम्पादन गर्ने क्रियाकलापको सक्रियता, निर्णय प्रक्रियामा हुने सहभागिता, कार्यसम्पादनमा हुने पारदर्शीताका आधारमा समितिको प्रभावकारीता मापन गर्ने गरिन्छ । साथै, समितिको प्रभावकारीता पारित प्रस्ताव, निर्देशनको कार्यान्वयन, अनुगमनको क्रममा कार्यस्थलमा देखिएका समस्याको समाधान, प्रचार प्रसार, संचार माध्यमको प्रयोग र कार्यान्वयनको लागि व्यापक जनदबाब सृजना एवं जनचासो, नागरिक समाजको सहयोगको आधारमा समेत मापन गर्न सकिन्छ । संसदले प्रभावकारी रुपले भूमिका निर्वाह गर्न सकेमा नै जनताका इच्छा, आकांक्षा, माग, समस्याको सम्बोधन हुन्छ र सुशासनको अनुभूति गर्न सकिन्छ । सिमित श्रोत र साधन तथा विविध समस्याका बीच पनि यिनै विषयलाई प्राथमिकतामा राख्दै यस समितिले आफ्ना कार्यक्षेत्रभित्रका कामहरुको कुशल कार्यान्वयन गर्दै आएको छ । आगामी दिनमा पनि सरकारलाई जिम्मेवार र जवाफदेही वनाउन निर्देशन र सुझावका माध्ययमवाट खबरदारी गर्दै जनतामा सुशासनको अनुभुति गराउने दिशामा अझ प्रभावकारी ढङ्गले समिति निर्देशित हुनेछ ।

## ४.२. सुझाव

(क) समितिले वैठकको कार्यतालिका बनाई लागु गर्नुपर्दछ । कार्यतालिका वनाउँदा सदस्यलाई वैठकमा समय व्यवस्थापन तथा समितिमा छलफल गरिने विषयको गाम्भिर्यता र महत्व अनुसार गहन अध्ययन गरी आफ्नो धारणा वनाउन तथा विषयवस्तुमा व्यापक छलफल गरी समितिका निर्णयहरु कार्यान्वयनयोग्य, यथार्थपरक र वस्तुनिष्ठ बनाउन सकिन्छ,

(ख) प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यहरु र कार्यरत कर्मचारीहरुलाई समितिको अनुभव आदान प्रदान, कार्यक्षेत्र, प्रक्रिया तथा अन्य सम्बन्धित विषयवस्तुका वारेमा समय समयमा अन्तरक्रिया, प्रशिक्षण, अभिमुखिकरण तथा अन्तरप्रदेश र अन्तरदेशिय भ्रमणको व्यवस्था गर्नुपर्दछ,

(ग) समितिको आफ्नै बजेट शिर्षक वनाई समितिले आफ्नो छुट्टै बजेट प्रस्ताव गरी उक्त बजेटको खर्च गर्ने अख्तियारी पाउनु पर्दछ,

(घ) प्रदेश सभा सचिवालयको संगठन संरचना पुनरावलोकन गरी पर्याप्त जनशक्ति व्यवस्थापन तथा एक अध्ययन तथा अनुसन्धान ईकाईको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ,

(ङ) समितिलाई आवश्यक स्रोत साधनको व्यवस्था गरी समितिका काम कारबाहीहरु पूर्ण रुपमा प्रविधिमैत्री वनाउनुपर्दछ,

(च) समितिको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण कार्यहरु प्राथमिकता दिई सम्पादन गर्नुपर्दछ,

(छ) समितिले दिएका निर्देशनलाई सरकारले बाध्यकारीरुपमा पालना गर्नुपर्ने र निर्देशनको पालना नगर्ने निकायलाई के कारवाही हुने हो किटानी व्यवस्था गर्नुपर्दछ,

(ज) समितिले माग गरेका विवरण समयमै सरकारका निकायहरुले पुर्ण रुपमा उपलब्ध गराउनुपर्दछ तथा आमन्त्रीत सरकारी पदाधिकारीहरुलाई उपस्थित गराउन तथा स्थलगत अध्ययनमा सहयोग गर्नुपर्ने,

(झ) समितिका निर्णयलाई सरकारको प्रभाववाट पुर्ण मुक्त हुने गरी कार्यसम्पादन गर्नुपर्दछ,

(ञ) समितिका काम कारवाही समन्वयात्मक ढंगले संचालन गर्नुपर्ने र समितिका निर्देशन कार्यान्वयनको निरन्तर अनुगमन गर्ने संयन्त्रको विकास गर्नुपर्ने,

(ट) समिति, सरकार, नागरिक समाज र मिडियाविच उचित समन्वय गरी समितिले सम्पादन गरेका कामकारवाहीलाई समयमै जनस्तरमा प्रेषित गर्नुपर्ने,

(ठ) समितिले नविन विषयको अध्ययन गर्न तथा नयाँ परिवेश अनुसारको कार्यसम्पादन गर्नुपर्ने अवस्थामा अवलोकन भ्रमण गर्ने तथा अभिमुखिकरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

## अनुसूची – १

समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | पद | जिल्ला | संसदीय दल |
|---|---|---|---|---|
| १ | मा. भोजराज अर्याल | सदस्य | स्याङ्जा | नेपाली काँग्रेस |
| २ | मा. गणेशमान गुरुङ | सदस्य | कास्की | नेकपा एमाले |
| ३ | मा. डिल्लीराम सुवेदी | सदस्य | बागलुङ | नेपाली काँग्रेस |
| ४ | मा. पदमा जि.सी. श्रेष्ठ | सदस्य | नवलपरासी पूर्व | नेकपा एमाले |
| ५ | मा. पार्वती तामाङ | सदस्य | लमजुङ | नेपाली काँग्रेस |
| ६ | मा. प्रकाश बराल | सदस्य | कास्की | नेपाली काँग्रेस |
| ७ | मा. प्रकाश बहादुर के.सी. | सदस्य | कास्की | नेकपा एमाले |
| ८ | मा. लक्ष्मण बहादुर पाण्डे | सदस्य | नवलपरासी पूर्व | नेकपा एमाले |
| ९ | मा. बिमला गौचन | सदस्य | म्याग्दी | नेपाली काँग्रेस |
| १० | मा. विन्दु पौडेल | सदस्य | नवलपरासी पूर्व | रा.प्र.पा. |
| ११ | मा. सीता कुमारी सुन्दास | सदस्य | स्याङ्जा | नेकपा एमाले |
| १२ | मा. हरि बहादुर भण्डारी | सदस्य | म्याग्दी | नेकपा (माओवादी केन्द्र) |
| १३ | मा. सुरेन्द्रराज पाण्डे,<br>मुख्यमन्त्री तथा मन्त्री, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय | पदेन सदस्य | गोरखा | नेपाली कांग्रेस |
| १४ | मा. डा. टकराज गुरुङ,<br>मन्त्री, आर्थिक मामिला मन्त्रालय | पदेन सदस्य | लमजुङ | नेपाली कांग्रेस |
| १५ | मा. राजिव गुरुङ,<br>मन्त्री, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | पदेन सदस्य | मनाङ | स्वतन्त्र |
| १६ | मा. रेशम बहादुर जुग्जाली | मिति २०८० साल फागुन २१ गते सम्म पदेन सदस्य | | |
| १७ | मा. दिपेन्द्र वहादुर थापा | मिति २०८० साल चैत्र २५ गते सम्म पदेन सदस्य | | |
| १८ | मा. जित प्रकाश आले मगर | मिति २०८० साल चैत्र २५ गते सम्म पदेन सदस्य | | |
| १९ | मा. खगराज अधिकारी | मिति २०८० साल चैत्र २५ देखि २०८१ साल जेठ १५ गते सम्म पदेन सदस्य | | |
| २० | मा. हरि वहादुर चुमान | मिति २०८१ साल वैसाख ०८ देखि २०८१ साल जेठ १५ गते सम्म पदेन सदस्य | | |

# अनुसूची – २

समिति सचिवालयसँग सम्बद्ध कर्मचारीहरुको नामावली

| क्र.स. | नाम पद | समिति जिम्मेवारी |
|---|---|---|
| १ | हरिराज पोखरेल, प्रदेश सभा सचिव | पदेन सचिव |
| २ | प्रेम सुवेदी, उपसचिव | समिति सचिव |
| ३ | टिकाराम आचार्य, अधिकृत छैटौं | कर्मचारी |
| ४ | दिनेश कुमार के.सी., अधिकृत छैटौं | कर्मचारी |
| ५ | रन्जना वाग्ले, कार्यालय सहयोगी | कार्यालय सहयोगी |

# अनुसूची – ३

समिति सदस्यहरुको समिति वैठकमा उपस्थिति विवरण

| क्र.स. | सदस्यको नाम | जम्मा उपस्थिति | जम्मा अनुपस्थित दिन | जम्मा बैठक संख्या |
|---|---|---|---|---|
| १ | मा. भोजराज अर्याल | २० | ० | २० |
| २ | मा. गणेशमान गुरूङ | १२ | ८ | २० |
| ३ | मा. डिल्लीराम सुवेदी | १० | १० | २० |
| ४ | मा. पदमा जि.सी.श्रेष्ठ | १५ | ५ | २० |
| ५ | मा. पार्वति तामाङ | १९ | १ | २० |
| ६ | मा. प्रकाश बराल | २० | ० | २० |
| ७ | मा. प्रकाश बहादुर के.सी. | १७ | ३ | २० |
| ८ | मा. लक्ष्मण बहादुर पाण्डे | ११ | ९ | २० |
| ९ | मा. विमला गौचन | १५ | ५ | २० |
| १० | मा. विन्दु पौडेल | १४ | ६ | २० |
| ११ | मा. सीता कुमारी सुन्दास | १६ | ४ | २० |
| १२ | मा. हरी बहादुर भण्डारी | १५ | ५ | २० |

# अनुसूची – ४

अर्थ तथा विकास समितिको कार्यविधि

## अर्थ तथा विकास समितिको कार्यविधि, २०८०

**प्रस्तावना**: अर्थ तथा विकास समितिको बैठक तथा कार्यलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम (६) बमोजिमको अधिकार प्रयोग गरी अर्थ तथा विकास समितिले यो कायविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "अर्थ तथा विकास समितिको कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपसभामुख" भन्नाले गण्डकी प्रदेश सभाको उपसभामुख सम्झनुपर्छ ।

(ख) "उपसमिति" भन्नाले समितिको बैठकबाट गठन गरिएको उपसमिति सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले "गण्डकी प्रदेश सभा नियमावली, २०८०" सम्झनुपर्छ ।

(घ) "बैठक" भन्नाले समितिको बैठक सम्झनुपर्छ र सो शब्दले समितिबाट गठित उपसमितिको बैठक समेतलाई जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ ।

(च) "मन्त्रिपरिषद्" भन्नाले गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।

(छ) "सभापति" भन्नाले अर्थ तथा विकास समितिको सभापति सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले अर्थ तथा विकास समितिलाई सम्झनुपर्छ ।

(झ) "सचिव" भन्नाले नियमावलीको नियम १७१ को उपनियम (३) बमोजिम अर्थ तथा विकास समितिको काम गर्न खटाएको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(ञ) "सचिवालय" भन्नाले गण्डकी प्रदेश सभा सचिवालय सम्झनुपर्छ र सो शब्दले समितिको सचिवालय समेतलाई जनाउँछ ।

(ट) "सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ ।

(ठ) "सभा" भन्नाले गण्डकी प्रदेश सभा सम्झनुपर्छ ।

(ड) "सभामुख" भन्नाले गण्डकी प्रदेश सभाको सभामुख सम्झनुपर्छ ।

३. **समितिको काम कर्तव्य र अधिकार:** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त नियमावलीको नियम १५३ को क्रम संख्या १ को कार्यक्षेत्रको अधिनमा रही समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ध) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सभामा सो सम्बन्धी प्रतिवेदन पेस गर्ने,

(न) विधेयकको दफावार छलफल गर्ने क्रममा सोसँग सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुसँग छलफल, अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने,

(ऩ) मन्त्रालय, विभाग, निर्देशनालय र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(प) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(फ) मन्त्रिपरिषद्का सदस्यले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका आश्वासनहरुलाई पुरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

(ब) कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

(भ) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विधेयकको प्रत्यायोजित व्यवस्था अन्तर्गत बनाइएका कानूनहरु नेपालको संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

(म) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(य) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(र) जन सरोकारका समिति सम्बद्ध विषयहरुमा सभापतिले उपयुक्त सम्झेका समितिको कार्यक्षेत्र भित्र परेका, सार्वजनिक सञ्चार माध्यम र सामाजिक

सञ्जालमा प्रकाशित र प्रसारित भएका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने,

(र्) समितिले सरोकारवाला व्यक्ति वा संस्था, हित समूह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासाहरु लगायत समितिको कार्यक्षेत्रमा पर्ने जन सरोकारका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने । यसरी छलफल गर्दा समितिले आवश्यक ठानेमा कुनै उजुरीकर्ता वा सूचकलाई बैठकमा आमन्त्रण गरी छलफल गर्न सक्ने,

(ल) कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन दिने र वार्षिक प्रतिवेदन माथि छलफल गरी सुझाव दिने,

( ) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र समिक्षा गरी सोको प्रतिवेदन सभामा पेश गर्ने,

( ) समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कानून कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गरी राय सहितको प्रतिवेदन सभामा पेश गर्ने । यसरी अध्ययन गर्दा समितिले आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट कानून कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन माग गर्ने, कानून कार्यान्वयनको अवस्था अध्ययन गर्दा सामान्यतया कानून निर्माण भएको तीन वर्ष अवधी पुगेका कानूनको छनौट गर्ने,

(व) समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्य तथा समितिले खटाएका सचिवालयका कर्मचारीले स्थलगत अनुगमन तथा निरिक्षण गर्न सक्नेछन् । यसरी स्थलगत अनुगमन तथा निरिक्षणमा जानु पूर्व स्पष्ट खाका सहितको चेक लिस्ट तयार गर्नुपर्ने । अनुगमन निरिक्षणको सिलसिलामा आवश्यकता अनुसार विज्ञहरु आमन्त्रण गर्ने तथा परीक्षणको लागि आवश्यकता अनुसार नमुना संकलन गर्ने,

(श) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(ष) माथि उल्लिखित खण्डहरु बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय, निर्देशनालय, विभाग र कार्यालयका प्रतिनिधिहरु र आवश्यकता अनुसार तत् तत् विषयका विशेषज्ञ र सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने,

(स) सभाबाट तोकिएका अन्य कार्य गर्ने ।

४. <u>समितिको बैठक</u>: (१) समितिको बैठक निर्धारित मिति, समय र स्थानमा बस्नेछ । समितिको गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एक चौथाई हुनेछ ।

(२) निर्धारित समयबाट तीस मिनेटसम्म पनि गणपुरक संख्या नपुग भई समितिको बैठक प्रारम्भ हुन नसकेमा सभापतिले सो बैठक स्थगन गरी तत्काल अर्को बैठकको मिति र समय तोक्न सक्नेछ ।

(३) बैठकमा सदस्यले वर्णानुक्रमानुसार राखिएको पुस्तिकामा उपस्थिति जनाउनु पर्नेछ।

(४) समितिको निर्णय सभापतिद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिका सदस्य बाहेकका सदस्यले छलफलमा भाग लिन चाहेमा नियमावलीको नियम १५५ को उपनियम (८) बमोजिम बैठक बस्ने दिन भन्दा एक दिन अगावै सभापतिलाई जानकारी दिई उपस्थित हुन सक्नेछ ।

तर, निजलाई समितिमा मतदानको अधिकार हुने छैन ।

(६) समिति वा उपसमितिको बैठक सभा भवनको परिसर भन्दा बाहिर बस्नु परेमा सभामुखको लिखित अनुमति प्राप्त गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक स्थगित भएको अवस्थामा छलफल गर्नुपर्ने विषय सहित बैठक बोलाउन उपयुक्त छ भनी समितिका एक चौथाई सदस्यले सभापति समक्ष लिखित अनुरोध गरेमा पाँच दिन भित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नु पर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **<u>बैठक सञ्चालनः</u>** (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट हुनेछ । यसरी जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) बैठकलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्ने जिम्मेवारी सभापतिको हुनेछ ।

(३) समितिको बैठक बोलाउँदा सो बैठकमा छलफल गरिने विषय स्पष्ट रुपले किटान गरी बैठक बस्ने मिति भन्दा सामान्यतया एक दिन अगावै बैठकको कार्यसूची समिति सचिवले बिद्युतिय माध्यमबाट सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

तर, विषयको गाम्भिर्यता अनुसार तत्काल कुनै विषयवस्तु कार्यसूचीमा राख्न बाधा पुगेको मानिने छैन ।

(४) बैठकको शुरुमा नै कार्यसूचीमा परेका विषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समयावधि तय गरिनेछ । आवश्यकता अनुसार सदस्यले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समय भित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(५) बैठकको विषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा सञ्चार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ ।

(६) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(७) सभापतिको आसनको सम्मान र आदर गर्नु समितिका प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(८) सभापतिद्वारा प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा हुनेछ ।

(९) समितिले आवश्यक ठानेमा सम्बन्धित विषयका विज्ञ तथा सरोकारवालालाई समिति, उपसमितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(१०) समितिमा प्राप्त विधेयकमा संशोधनको सूचना दिने प्रदेश सभा सदस्यलाई विधेयकको दफावार छलफलको क्रममा पेश भएको संशोधनको विषयमा आफ्ना धारणा राख्न समय उपलब्ध गराउनु पर्नेछ ।

(११) बैठक सञ्चालन र व्यवस्थापनको सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ ।

६. **<u>आसनको क्रमः</u>** (१) बैठकमा सभापतिको दायाँ तर्फ क्रमशः मुख्यमन्त्री तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयका मन्त्री, बायाँ तर्फ सचिवालयका कर्मचारी, दायाँ तर्फको पहिलो खण्डमा मन्त्रीहरु लगत्तै मन्त्रालयका अन्य पदाधिकारी तथा आमन्त्रित सरोकारवाला तथा विज्ञ र पहिलो खण्डको बाँकी आसनमा समितिका सदस्य बस्नेछन् । सभापतिको बायाँ तर्फको दोस्रो खण्डमा क्रमशः सचिवालयका सहायक कर्मचारी र सम्बन्धित मन्त्रालयका अन्य कर्मचारीहरु, दायाँ तर्फको दोस्रो खण्डमा क्रमशः पत्रकार र अवलोकनकर्ता बस्नेछन् ।

(२) प्रदेश सभाका सभामुख, पूर्व मुख्यमन्त्री, विपक्षी दलको नेता तथा उपसभामुखलाई आमन्त्रण गरिएको बैठकमा उपदफा (१) मा उल्लेख भएको आसनको क्रममा दायाँ तर्फ क्रमश: मुख्यमन्त्री, सभामुख, पूर्व मुख्यमन्त्री, कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री, विपक्षी दलको नेता, उपसभामुख, मन्त्रालयका अन्य पदाधिकारी रहनेगरी आसनको क्रम मिलाइनेछ ।

७. **<u>छलफलमा बोल्ने क्रमः</u>** (१) समितिको सभापतिको ध्यानाकर्षण गर्दै सदस्यले हात उठाई सभापतिसँग बोल्नका लागि समय लिनुपर्नेछ ।

(२) उपदफा (१) अनुसार बोल्नका लागि समय माग गरेमा सभापतिले क्रमानुसार समय उपलब्ध गराउनु पर्नेछ।

(३) सभापतिले संकेत गरेपछि मात्र सदस्यले बोल्नु पर्नेछ ।

(४) बोल्ने सदस्यले सभापतिलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ ।

(५) कुनै एक सदस्य बोलिरहेको समयमा अर्को सदस्यले बोल्न र एक आपसमा कुरा गर्न पाइने छैन ।

८. **<u>समितिको प्रतिवेदनः</u>** (१) समितिले आफ्नो कार्यक्षेत्र भित्रका विधेयक, अनुगमन एवम् मुल्याङ्कन, कानून कार्यान्वयनको अध्ययन, वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदन सभामा पेश गर्न सक्नेछ ।

(२) समितिले वार्षिक प्रतिवेदन तयार गर्न एक उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित उपसमितिको प्रतिवेदन समितिमा पेश भएपछि समितिले सो प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समितिका निर्णय कार्यान्वयनको स्थितिको तुलनात्मक विवरण र समितिको सुझाव समेत समावेश गरी पारित गर्नेछ ।

(४) समितिको प्रतिवेदन सभापतिले वा निजले तोकेको सदस्यले सभा समक्ष पेश गर्नेछ।

(५) उपदफा (३) बमोजिम सभामा प्रस्तुत प्रतिवेदन माथि सभामा छलफल गर्न सभामुखसँग परामर्श गर्न सक्नेछ ।

(६) समितिको प्रतिवेदन कार्यान्वयन गर्नु सम्बन्धित मन्त्री, सचिव, पदाधिकारी र सरोकारवाला तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. **गोप्य बैठकः** (१) समितिले उपयुक्त ठानेका विषयमा गोप्य बैठक बस्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको गोप्य बैठकमा प्रदेश सभाका सभामुख, उपसभामुख, सचिव, समिति सचिव तथा समितिले आवश्यक ठहऱ्याएका व्यक्ति बाहेक अन्य कुनैपनि व्यक्तिलाई प्रवेश गर्न अनुमति दिइने छैन ।

१०. **उपसमिति गठन गर्न सक्नेः** समितिले आन्तरिक काम, कारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट आवश्यकता अनुसार उपसमिति गठन गरी काम गर्न सक्नेछ ।

११. **बैठकमा पालना गर्नुपर्ने नियमः** गण्डकी प्रदेश सभा नियमावली, २०८० बमोजिमका व्यवस्थाहरु समितिका सदस्यहरुले पालना गर्नुपर्नेछ ।

१२. **कार्यविधिको पालनाः** यस कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१३. **समितिको सचिवालयः** समितिको सचिवालय गण्डकी प्रदेश सभा सचिवालय, पोखरामा रहनेछ ।

१४. **स्रोत साधनको व्यवस्थापनः** (१) समितिको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गण्डकी प्रदेश सभा सचिवालयबाट हुनेछ ।

(२) समितिका माननीय सदस्य तथा सदस्यले पाउने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

१५. **कार्यतालिका र कार्ययोजनाः** (१) विषयवस्तुको प्राथमिकता अनुसार समितिले आफ्नो काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन सामान्यतया कार्यतालिका र कार्ययोजना निर्धारण गरी लागु गर्नुपर्नेछ ।

(२) समितिको काम कारबाहीमा सहयोग पुऱ्याउनु समितिका सदस्य तथा सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१६. **समन्वय एवम् सहकार्यः** समितिले आवश्यकता अनुसार अन्य समितिसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

१७. **व्याख्या**: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा भएमा व्याख्या गर्ने अधिकार सभापतिमा निहित रहनेछ ।

१८. **संशोधन**: समितिले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

१९. **खारेजी र बचाउः** (१) "अर्थ तथा विकास समितिको अन्तरिम कार्यविधि, २०८०" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार भए गरेका कामकारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**(अर्थ तथा विकास समितिबाट पारित मिति २०८० माघ ८ गते)**

# अनुसूची – ५

गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक सम्बन्धी अर्थ तथा विकास समितिको प्रतिवेदन

## गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, २०८० सम्बन्धी प्रतिवेदन

१. "गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, २०८०" (यसपछि "विधेयक" भनिएको) को दफा २ को,-

(१) खण्ड (स) मा रहेका "गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (त्र) पछि देहायको खण्ड (ज्ञ) थप गर्नेः-

"(ज्ञ) "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने प्रदेश भित्रका क्षेत्र सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारले प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी घोषणा गरेका प्रदेश भित्रका संरक्षण क्षेत्रलाई समेत जनाउँछ ।"

२. विधेयकको दफा १२ मा रहेका "मन्त्रालयको सिफारिसमा" भन्ने शब्दको सट्टा "मन्त्रालयको सिफारिस र सम्बन्धित स्थानीय तहको समन्वयमा" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा १३ को उपदफा (४) हटाई त्यसपछिको उपदफाको क्रम मिलाउने।

४. विधेयकको दफा २७ को उपदफा (६) मा रहेका "कुनै निजी संघसंस्था तथा निकायलाई" भन्ने शब्दहरुको सट्टा "निजी क्षेत्र, संघसंस्था, निकाय वा स्थानीय तहलाई" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा ३५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नेः-

"(५) उपदफा (४) बमोजिम उपभोक्ता समूहले आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त प्रदेश सञ्चित कोषमा जम्मा भएको तीस प्रतिशत रकम मध्ये बिस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित वन रहेको स्थानीय तह बीच बाँडफाट हुनेछ ।"

६. विधेयकको दफा ४१ को उपदफा (३) मा रहेका प्रतिबन्धात्मक वाक्यांश हटाई देहायको उपदफा (४) थप गर्नेः-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो निर्णय गर्नु अघि उपभोक्ता समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।"

७. विधेयकको दफा ४३ को उपदफा (१) मा रहेका "दफा ५५" भन्ने शब्दहरुको सट्टा "दफा ५७" भन्ने शब्दहरु राख्ने ।

८. विधेयकको दफा ४५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ) को आधारमा साठी प्रतिशत साझेदारी वन उपभोक्ता समूह, तीस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित स्थानीय तहको हुनेगरी बाँडफाट गरिनेछ । तर गैरकाष्ठ वन पैदावारको हकमा शत प्रतिशत साझेदारी वन उपभोक्ता समूहको हुनेछ ।"

९. विधेयकको दफा ४६ को उपदफा (१) मा रहेका "नेपाल सरकारको सहमतिमा" भन्ने शब्दहरु झिक्ने ।

१०. विधेयकको दफा ४८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) कबुलियती वन प्रदान गरेको कम्तीमा पाँच वर्षपछि कबुलियती वन प्रदान गर्दाको बखत रहेका रूख सुकेमा वा ढलेमा वा मरेमा उक्त रूखबाट उत्पादन हुने काठ, दाउरा डिभिजन वन कार्यालयले तोकिए बमोजिम बिक्री वितरण गरी प्राप्त रकमको साठी प्रतिशत सम्बन्धित कबुलियती वन समूह र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । यसरी प्रदेश सञ्चित कोषमा जम्मा भएको चालिस प्रतिशत रकम मध्ये तीस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत सम्बन्धित वन भएका स्थानीय तहबीच बाँडफाट हुनेछ ।"

११. विधेयकको दफा ५० को उपदफा (१) मा रहेका प्रतिबन्धात्मक वाक्याँश हटाई देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।"

१२. विधेयकको दफा ८४ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-

"(२) उपदफा (१) अनुसारको समितिले बैठकमा आवश्यकता अनुसार सरोकारवाला व्यक्ति तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।"

१३. विधेयकको दफा १०९ पछि देहायको दफा थप गरी त्यसपछिका दफाको क्रम मिलाउनेः-

"११०. **संरक्षण क्षेत्र सम्बन्धी व्यवस्थाः** (१) प्रदेश भित्रका संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको हुनेछ।

(२) प्रदेश भित्रका संरक्षण क्षेत्रको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क संकलन, नियमन र हस्तान्तरण लगायतका संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

## अनुसूची – ६

## समितिका केही तस्विरहरु



भृकुटी कागज कारखाना अवलोकनको क्रममा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गर्दै



निर्माणाधिन सल्लो फुर्सोघाट मोटरेवल पुलको निरीक्षण पश्चात



धौवादी फलाम खानी क्षेत्रको अवलोकन र अन्तरक्रिया पश्चात सामूहिक तस्विर




समितिको बैठकको अध्यक्षता गर्दै समितिका माननीय सभापति


समितिको बैठकमा माननीय सदस्यहरु


समितिको बैठकमा सरोकारवालाहरुसँग छलफल हुँदै


समितिको बैठकमा सरोकारवालाहरुसँग छलफल हुँदै